# विस्थापनको कथा
# रैथानेको व्यथा

अध्ययन एवं लेखन
**सोमत घिमिरे**

प्रकाशक
**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)**

प्रकाशक : सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)
भूमिघर, धापासी- ८ काठमाडौं, नेपाल
पोस्ट बक्स नम्बर १९७९०, काठमाडौं
फोन ९७७-१-४३६०४८६, फ्याक्स ४३५७०३३
इमेल landrights@csrcnepal
website– www.csrcnepal.org

CSRC
आत्मनिर्भर केन्द्र

सम्पादन : राजाराम गौतम
सर्वाधिकार : सिएसआरसी
प्रकाशन मिति : माघ, २०६९
डिजाइन : मिडिया क्याफे, अनामनगर
मुद्रण : नेबुला प्रिन्टर्स, काठमाडौं

# गुदी कुरो

राज्य पुनर्संरचनाको सरल अर्थ हो, पुराना यावत् राज्यसंयन्त्रलाई भत्काउँदै नयाँ आधारमा नयाँ संयन्त्रहरूको निर्माण गर्ने । प्राकतिक स्रोत, शिक्षा, स्वास्थ्यलगायतका सबै आधारभूत सेवाको न्यायसंगत वितरण गर्दै राज्यलाई नयाँ ढंगले विकास गर्नु राज्यको पुनर्संचरना हो । मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रको उदय, संविधानसभाको निर्वाचनपछि 'राज्यको पुनर्संरचना' एउटा महत्वपूर्ण र जटिल मुद्दाका रूपमा देखापरेको छ । राज्यको पुनर्संरचनाका विषयमा प्रमुख राजनीतिक शक्तिबीच सहमति निर्माण हुन नसक्दा संविधानसभाको विघटन भएको छ र मुलुकमा राजनीतिक र संवैधानिक संकट उत्पन्न भएको छ ।

मुलुकले जुनसुकै विकल्प रोजे पनि राज्यको पुनर्संरचनाको मुद्दालाई यथोचित सम्बोधन नगरी अब नयाँ राजनीतिक प्रणाली अघि बढ्न सक्दैन । मुलुकको भावी गन्तव्यका लागि अत्यन्त महत्वपूर्ण मुद्दा भए पनि यस विषयमा पर्याप्त बहस हुन सकेको छैन । तसर्थ यस मुद्दामा फराकिलो र रचनात्मक बहस आवश्यक छ । त्यस्तै राज्यको पुनर्संरचनासँगै आएको अग्राधिकारको विषयमा पनि बहस/छलफल हुनुपर्छ । हाम्रो सन्दर्भमा अग्राधिकारका मान्यता के हुन् ? यसको व्यावहारिक स्वरूप र सम्बोधन के हो ? प्राकृतिक स्रोतमाथि कसरी रैथाने समुदायहरु विस्थापित हुँदै गएका छन् ? निजी क्षेत्र कसरी हावी हुँदैछ ? यस्तो अवस्थामा राज्यको भूमिका कस्तो हुनुपर्छ ? पुस्तिकामा यी र यस्ता सवालको जवाफ खोज्ने प्रयास गरिएको छ ।

रैथाने समुदाय आफ्नो जमिनबाट कसरी विस्थापित हुँदैछन् ? बढ्दो औद्योगिकीकरण र व्यवसायीकरणले तिनको दैनिक जीवनमा के कस्तो सकारात्मक/नकारात्मक प्रभाव परेको छ ? यी प्रश्नको जवाफ खोज्न हामी नगरकोटको एउटा रैथाने समुदायको बस्तीमा पुगेका छौं । खाद्यसंकट गहिरिँदो अवस्थामा रहेको अनि स्वाभीमानपूर्वक बाँचेका नागरिकको बजारसँगको परनिर्भरता बढ्दै गएका बेला कसरी रैथाने समुदाय निजीकरणको चेपुवामा पर्दा रहेछन् भन्ने गतिलो उदारहण बनेको छ, नगरकोटको कथा ।  त्यस्तै मकवानपुर, चितवनका चेपाङ, बोटे माझीहरूको संकटग्रस्त जीवन पनि यसको अर्को उदारहण हुनसक्छ ।

प्राकृतिक स्रोतले भरपुर ठाउँमा बस्नु हाम्रो परम्परागत मान्यतामा भाग्यमानी ठहर्नु हो तर अहिले परम्परागत मान्यता भत्कँदै गएका छन् र प्राकृतिक स्रोत भएको ठाउँमा बसेको कारणले विस्थापित हुनुपर्ने भएको छ । गोर्खा, चितवन, मकवानपुर र धादिङका विभिन्न गाउँका चेपाङ समुदाय विस्थापनको पीडा खेप्ने अर्को उदारहण हो । बढ्दो सहरीकरण र आधुनिकताले गाँज्दै जाँदा नेपालमा सिमेन्टको प्रयोग र प्रचलन बढ्दै गयो । चेपाङ समुदाय बसोबास गर्दै आएको स्थानहरूमा चुनढुंगा फेला पर्‍यो । उसै पनि राज्य र समाजको बहिष्करणमा पर्दै

आएको चेपाङ समुदाय थप ठगिए । चुनढुंगा निकाल्न उनीहरूलाई विस्थापित गरियो । उनीहरूले प्रयोग गरिरहेको वन विनाश गरियो ।

चेपाङ समुदायको वनसँगको सम्बन्ध सांस्कृतिकरूपमा अलि फरक हुन्छ । दुःख बिसाउने, पूजाआजा गर्ने ठाउँ वन नै हो । अझ प्रस्ट भन्नुपर्दा चेपाङका लागि खाद्यसुरक्षा हो वन । तर वनसँगको यस्तो सम्बन्धलाई अहिलेको औद्योगिकीकरणको प्रक्रियाले बुझ्न सकेन । आफूले कहिल्यै प्रयोग गर्नु नपर्ने सिमेन्ट उत्पादनका लागि आफू बसेको थातथलो नै छोड्नुपर्ने विडम्बनापूर्ण अवस्था चेपाङ समुदायले बेहोर्दै आएको छ । वातावरण संरक्षणका नाममा दिनहुँ हुने गोष्ठी/सेमिनारमा वातावरण विनाशमा निजी क्षेत्रको भूमिकाबारे कमै टिप्पणी गरेको सुनिन्छ । बरु आदिवासी जनजातिले वातावरण बिगारेको बेतुकको आरोप लगाइन्छ ।

पश्चिमाहरूका अर्ति, उपदेश र दानले नेपालमा जैविक विविधताको संरक्षणको अभियान सुरू भयो । लगभग वि.सं १९७० बाट जैविक विविधता संरक्षण गर्ने कुरा नेपाल सरकारको केन्द्र भागमा पर्दै आए । जैविक विविधता संरक्षणका लागि निकुञ्ज र आरक्ष बनाउन थालियो । निकुञ्ज र आरक्ष बनाउँदा मानिस र जंगलसँगको सम्बन्धलाई ख्याल गरिएन । प्राविधिक आँखाले हेर्दा जंगल भनेको रूखमात्रै देखिन्छ । तर जंगलसँगका मानवीय सम्बन्धहरु प्राविधिक आँखाले देख्न सक्दैन । मानव हस्तक्षेपरहित निकुञ्ज र आरक्ष बनाई जैविक विविधता संरक्षण गर्ने लोभमा एउटा पूरै समुदाय जंगल र खोलाबाट विस्थापित भयो । पर्यावरणीय शरणार्थीका रूपमा ऊ आफ्नो जीवन जिउन विवश छ । वन र खोलासँगको सामाजिक, सांस्कृतिक सम्बन्धहरु विच्छेद् भएका छन् ।

नेपाली राजनीतिमा भूमिसुधार सबैभन्दा जेठो नारा हो । भूमिसुधारको अभिन्न अंग भूउपयोग नीतिको निर्माण हो । भूउपयोग नीतिको अभावले खाद्यसंकट आकासिँदो छ । निजी क्षेत्रको बोलवाला र दादागिरी एकाएक बढेको छ । अन्नका भण्डारमा बस्ती विकास बढ्दो छ । स्थानीय र निजी क्षेत्रको द्वन्द्व पनि बढ्दै छ । निजी क्षेत्रको स्रोत र शक्ति बढी भएकाले स्थानीय रैथाने समुदायका आवाज दमित बनाए पनि ती आवाज सदा सर्वदा दमित हुने छैनन् ।

उपयुक्त भूउपयोग नीति निर्माण गरी कार्यान्वयन नगर्ने हो भने रैथाने समुदायहरु विस्थापन हुने क्रम तीव्र हुने छ । राष्ट्रिय अर्थतन्त्र अत्यन्तै नकारात्मक हुँदै जानेछ र निजी क्षेत्र बलियो हुँदै आउने छ । स्थानीय नागरिकको निजी क्षेत्र र राज्यसँगको द्वन्द्व राम्रोसँग मुखरित भई मुलुकले नै एउटा नयाँ द्वन्द्व बेहोर्ने परिस्थिति निर्माण हुन सक्छ । नाफाका लागि प्राकृतिक स्रोतको प्रयोग गर्न पसेको निजी क्षेत्रलाई नियमन नगर्ने हो भने नेपालको सम्पूर्ण प्राकृतिक स्रोत कुनै दिन निजी क्षेत्रको कब्जामा पुग्ने छ ।

अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ-१६९) नेपाल पक्ष राष्ट्र भएपछि यसका सवालमा दुईथरी विचार हावी भएका छन् । यसले जनजातिलाई न्याय गर्दछ । यो सत्य हो, तर यो नै मुक्तिको रामवाण हो कि होइन ? एकतिर यसैलाई मुक्तिको रामवाण ठानिएको छ भने अर्कोतिर यसले समाजमा अनेक बिग्रहहरु पैदा गर्छ भनेर अहंकारी सोच पनि हावी हुँदै गएको छ । हाम्रो धरातलीय यथार्थ र सन्दर्भमा यसको विश्लेषण के हो ? यसको मान्यता के हो ? विश्लेषण आवश्यक छ । प्राकृतिक स्रोतमाथि आदिवासी जनजातिको परम्परागत सन्बन्धलाई राज्य, निजी क्षेत्र र व्यक्ति कसैले पनि खलल पुऱ्याउन नपाइने कुरा आईएलओ- १६९ को मूल मर्म

हो । आदिवासी जनजातिलाई विस्थापनको शिकार बनाउन नपाइने यदि कुनै कारणले विस्थापन गर्नु पर्‍यो भने प्रक्रिया अपनाउनुपर्ने, स्विकृति लिनुपर्ने भन्ने यसको मर्म हो । प्राकृतिक स्रोतलाई निजीकरण वा व्यापारीकरणका नाउँमा स्थानीय रैथाने समुदायलाई पाखा पार्न नपाइने यसको एउटा बलियो मान्यता हो । प्राकृतिक स्रोतमाथि आदिवासी जनजातिको सम्बन्धलाई परिभाषित र प्राथमिकीकरण गर्नु, सहमति, स्विकृतिको बाटोबाट बढ्नु यसको अर्को मार्गचित्र हो ।

नेपाली राजनीतिमा २००७ सालपछि विकास भन्ने शब्दावली छिर्‍यो । यो शब्दको प्रयोगभन्दा पहिला नेपाली समाजमा 'उन्नति' र 'प्रगति' शब्दहरु थिए । विकास भन्ने शब्दावलीको प्रवेशपछि विकासे गाडी यति मजासँग बढ्यो, जसले कमजोर समुदायलाई किचकाच पार्‍यो । उच्च र मध्यम वर्गका समूहका स्वार्थका लागि विकासको गाडीलाई बेगवान बनाइयो । कहिल्यै पनि कमजोर समुदायको विकासका बारेमा छलफल भएन । प्राकृतिक स्रोतको विस्थापनबाट पीडा बेहोरिरहेका स्थानीय रैथानेलाई विकासले अझ भित्तामा पुर्‍याइदियो । आफ्नो बस्ती विकसित भएको भनिएपछि उनीहरु अनेक प्रकारका षड्यन्त्रका तानाबानाको शिकार बनेर थातथलो छोड्न विवश हुँदैछन् । विकास भनेको के हो ? आदिवासी जनजाति, कमजोर भूमिहीन दलितका लागि विकास भनेको के हो ? हामीले कहिल्यै छलफल गर्ने रूचि देखाएनौं । शहरीकरणको प्रक्रियामा रैथाने समुदायको प्राकृतिक स्रोतमाथिको सम्बन्ध कसरी कायम राख्ने भन्नेतिर कहिल्यै र कसैको ध्यान गएन ।

लामो समयदेखि नेपाली समाजमा प्राकृतिक स्रोतबाट रैथाने समुदायको विस्थापनको प्रक्रिया चलिरहेको छ । उदारीकरण र निजीकरणलाई हाम्रो राज्यले मुख्य बाटो बनाएपछि तीव्र गतिमा विस्थापनको प्रक्रिया बढिरहेको हो । राज्य मुकदर्शक छ । रैथाने समुदायको पीर ऊसम्म पुगेकै छैन । राज्यसँग मूल दुइटा कमजोरी देखिए । पहिलो, उसले धेरै नीतिगत व्यवस्था गरेको छैन । दोस्रो, भएका नीति पनि क्रियाशील हुन सकेका छैनन् । खानेपानीको प्राथमिकीकरणको सवालमा जलस्रोत ऐन २०४९ ले केही सकारात्मक नीतिगत प्रयास गरेको छ । तर व्यवहारमा यो पनि क्रियाशील भएको छैन । नीति नबाउनु र बनाएका नीतिको कार्यान्वयनमा उदासीन देखिनु राज्यको आमचरित्र बनेको छ ।

यस पुस्तकको पहिलो खण्डमा विस्थापनको प्रक्रियामाथि स्थलगत विश्लेषण गरिएको छ । विस्थापनको मारका विभिन्न आयामको चर्चा गरिएको छ र दोस्रो खण्डमा यस्तो विस्थापनको प्रक्रियालाई रोक्न केही नीतिगत सिफारिस गरिएको छ । तर यी सिफारिस बहसका लागि मात्रै प्रस्तुत गरिएका हुन् । निजी क्षेत्रको सार्वजनिक उत्तरदायित्वका लागि व्यावहारिक स्वरूप, निजी क्षेत्र वा व्यक्तिद्वारा अतिक्रमित सार्वजनिक स्रोतमा हाम्रो राज्यले लिनुपर्ने आगामी बाटो, हाम्रो सन्दर्भमा भूउपयोग नीति, प्राकृतिक स्रोतमाथि रैथाने समुदायको सम्बन्ध, कथमकथाचित विस्थापित गर्नु परेको खण्डमा अपनाइनु पर्ने बाटो सामुदायिक अधिकारको सूचीजस्ता सवाल बहसका लागि प्रस्तुत गरिएको छ । ■■

# परिचय

अहिलेको नामी पर्यटकीय स्थल नगरकोट कुनै समय तामाङ जातिको रैथाने थलो हो । इतिहासमा कतै औपचारिक रूपमा उल्लेख नभए पनि तामाङहरूको यो रैथाने थलो कुनै समय 'घिसिङ राज्य' का रूपमा रहेको थियो । अहिले पनि यस गाउँमा भेटिने बूढापाकाहरूको मनमा नगरकोटलाई नै केन्द्र मानेर घिसिङ राज्य अस्तित्वमा थियो भन्ने कुरा जबरजस्त गडेको छ । कुनै कालखण्डमा आफ्नो बेग्लै 'राज्य' कहलिएको ठाउँमा उनीहरु अहिले आफैं नै पराइँ भएको ठान्छन् । तामाङहरूको मात्रै त्यो बस्ती आज कसरी चर्चित पर्यटकीय स्थलका रूपमा विकसित भयो त ?

तामाङहरूको त्यस बस्तीमा अन्दाजी ७०/७५ वर्षअघि गिरीहरूको बसोबास सुरू भएको स्थानीयबासी बताउँछन् । छिमेकी जिल्ला काभ्रे र स्वयं भक्तपुरकै छिमेकी गाविसका गिरीहरु नगरकोट बसाइ सरेका थिए । जब गिरीहरु नगरकोट छिरे, त्यसयता नै गिरी र तामाङहरूको अन्यायपूर्ण सम्बन्ध विकास हुँदै आएको छ ।

सांस्कृतिक रूपमा गिरीहरूलाई खेतीपाती र जग्गाको महत्व थाहा थियो । तामाङहरु पनि खेतीपाती र पशुपालनमा त अभ्यस्त नभएका होइनन् यद्यपि, उनीहरूलाई दैनिक आयआर्जनको समस्या थियो । दुई छाक टार्न त्यति धेरै मुस्किल नपरे पनि नगद पैसा तामाङहरूसँग हुँदैनथ्यो । अझ सीधा भन्ने हो भने तामाङहरूले 'पैसाको मुखै' देखेका थिएनन् । गिरीहरूसँग पैसा थियो । तामाङहरूलाई पैसा चाहिएको थियो । यसरी दुई जातिको सम्बन्ध आर्थिक कारोबार र किनबेचबाट सुरू भयो । तामाङहरूले जग्गा बेचे भने गिरीहरूले जग्गा किने । स्वाभावले तामाङहरु एकोहोरा र सोझा थिए भने गिरीहरु उनीहरूको तुलनामा चलाख । तामाङ बस्तीमा उनीहरूकै जग्गा जमिन किनेर गिरीहरु थपिने क्रम बढ्दै थियो । अब तामाङ र गिरीहरूबीच जग्गा किनबेचबाट दुई कदम अघि बढेर ऋण आदानप्रदानको नयाँ सम्बन्ध पनि स्थापित भइरहेको थियो । एकजना वृद्ध तामाङका अनुसार, गिरीहरूले अत्यन्त चलाखीपूर्ण ढंगले ब्याजमा ऋण दिन्थे र सयकडा साठी ब्याज असुल्थे । गिरीहरूले ब्याज दिंदा पनि तामाङको पारिवारिक पृष्ठभूमि र आर्थिक अवस्था हेरेर दिन्थे । उनीहरूले राम्रो र धेरै जग्गा हुनेलाई पहिलो प्राथामिकतामा राखेका थिए । त्यस बखत तामाङहरूको जग्गाको स्वामित्वको अवस्था यस्तो थियो ।

**तालिका १ वि.सं. १९९० सालको वरिपरिको जग्गाको स्वामित्व**

| | |
|---|---|
| उच्च तामाङ परिवार | २०० रोपनी |
| मध्यम तामाङ परिवार | ५० रोपनी |
| निम्न तामाङ परिवार | २० रोपनी |

*नगरकोटमा गरिएको समूह छलफल र व्यक्तिगत अन्तर्वार्तामा आधारित*

आज जग्गाको स्वामित्वको अवस्था त्यस्तो रहेन । गिरीहरूले तामाङको जग्गा आफ्नो नाममा पारिसके । सुरुमा किनबेचबाट सुरु भएको सम्बन्ध जब ऋण दिने तहमा पुग्यो, त्यसपछि तामाङहरूको जग्गा गुम्दै गयो । गिरीहरु जग्गा धितो राखेर ऋण दिन्थे । ऋणको ब्याज हरेक वर्ष बढ्दै जान्थ्यो । चाडपर्वका बेलामा ऋण लिएर मनाउनुपर्ने बाध्यता हुन्थ्यो । गिरीहरु ब्याज जोड्दै हरेक वर्ष नयाँ कागज बनाउने र ऋण थपिदिन्थे । उसै पनि पैसाको मुख नदेखेका तामाङहरु ऋण बढ्दै गएपछि तिर्न नसक्ने अवस्थामा पुग्थे । ऋण दिनेले 'अब तिर्न नसक्ने भइस् जग्गा नामसारी गर्दे' भनेपछि उनीहरूसँग जग्गा पास गरिदिनुको विकल्प हुँदैनथ्यो ।

यसरी तामाङका जग्गाको स्वामित्व गिरीहरूमा सऱ्यो । चाडबाड मान्न ऋण काढ्न थालेका तामाङहरूको जग्गा घट्दै गएपछि विगतमा जस्तो सजिलै छाक टार्न नसक्ने अवस्थामा आए । खाद्यान्नका लागि थप ऋण लिनुपर्ने अवस्था आयो । उनीहरूको परनिर्भरता बढ्दै गयो । २०४० सालमा यो समस्या अत्यन्त तीव्र बन्यो । अहिले पनि विगतमा जस्तै तामाङहरु गिरीहरूसँग ऋण सापटी लिने गर्छन् ।

**उदारहण १ | पाँच हजारको भैंसी, २२ लाखको जमिन**

२०३७ सालको घटना हो । एक जना तामाङले गाउँकै गिरीको घरबाट पाँच हजार रूपैयाँको एउटा भैंसी उधारोमा ल्याएछन् । गिरीले जग्गा/सुन केही धितो नराखी भैंसी दिएर पठाएछन् । एक वर्षभित्र ऋण तिर्ने मौखिक समझदारी यी दुई पक्षबीच भएको रहेछ । तर भैंसी ल्याएको केही दिनमा गिरीले कागज गर्नुपर्ने प्रस्ताव राखेछन् । तामाङले पनि एक वर्षमा त तिरिहालिन्छ नि भन्ने सोचेर एघार रोपनी जग्गा धितो राखेछन् । दुर्भाग्य एक वर्षमा पनि उनले ऋण तिर्न सकेनछन् । एकचोटि पनि ऋण फिर्ता लिन ताकेता नगरी बडो सोहार्दपूर्ण सम्बन्धमा बसेको गिरी र तामाङ परिवारबीच एकाएक तीक्तता उत्पन्न हुन थाल्यो । गिरीले तामाङ परिवारका सदस्यलाई बाटोघाटोमै कराउन थालेछन् । तामाङका सानो भाइ साहुको घरको बाटोबाटै सधैँ स्कुल जानुपर्ने रहेछ । सधैँ साथीभाइसँग जाँदा साहुको गाली सुनेर अवाक हिँड्नुपर्ने, श्रीमती, बाबु–आमालाई पनि जहाँ भेट्यो त्यही पैसाकै कुरा निकालेर तनाव दिन थालेपछि ऋणी तामाङ धितो राखेको जग्गा नै पास गरिदिने सोचमा पुगेछन् । र, घरसल्लाह नगरी उनले ११ रोपनी जमिन भैंसी साहु गिरीको नाममा 'पास' गरिदिएछन् ।

तीन वर्षपछि ती साहुले सो जमिन २२ हजारमा बेचेछन् । २२ हजारमा किनेको त्यो जमिन २०६६ माघमा २२ लाखमा बिक्री भएछ । एउटा भैंसी किनेको ऋण तिर्न नसक्दा तामाङ परिवारले यत्रो ठूलो घाटा व्यहोनुपऱ्यो ।

*तरकारी व्यापारी सानु ढकालसँग लिइएको अन्तरवार्ता*

ऋण लिने र दिनेबीचका अनेक दुःखद् र रमाइला कथाहरु नगरकोटको तामाङ बस्तीमा आज पनि सुन्न पाइछ । एउटा रमाइलो प्रसंग यस्तो छ : गिरीहरु गाउँमा ऋण उठाउन हिँड्दा एकजना आसामीसँग कुखुराको फुल माग्थ्यो र त्यही फुल अर्को आसामीकोमा लगेर ओथारो राखेर चल्ला बनाउने आदेश दिन्थ्यो । ओथारो राखेर चल्ला निस्केर कुखुरा बनेपछि त्यही ठूलो भएको कुखुरा अर्को तामाङलाई ऋणमा दिन्थ्यो रे । यो सबै कथा बुझेका तामाङहरु गिरी साहुहरुको अघि निरीह हुन्थे ।

गिरीहरुको धाक रवाफ मूलतः दुईटा कुरामा हुन्थे । एक, सरकारी कर्मचारी गिरीका नातेदार छन् भन्ने कुरा गाउँमा स्थापित थियो । गिरीको घरमा कोही पाहुना आयो र तामाङसँग भेट हुँदा सरकारी कर्मचारीका हिसाबले चिनापर्ची गराइन्थ्यो । यसले आमतामाङलाई गिरीहरु पहुँचवाला हुन् भन्ने लाग्थ्यो । प्रशासनमा पहुँच र शक्ति छ भनेपछि तामाङहरु गिरीहरुका गतिविधिले असन्तुष्ट भए पनि त्यो व्यक्त गर्न सक्दैनथे । जसको फाइदा गिरीहरुले उठाइरहेका हुन्थे । दोस्रो, गिरीहरुको पञ्च नेताहरुसँगको चिनजान भएको भ्रम बाँड्नु । पञ्च नेता, कर्मचारीहरु चिनजानको भएको प्रभाव पारेर गिरीहरुले तामाङलाई मनोवैज्ञानिक रुपमा त्रसिद बनाएका थिए । त्यसैको आडमा कहिले ऋण दिएर त कहिले किनेर तामाङहरुको जग्गामा गिरीहरुले आफ्नो स्वामित्व स्थापित गर्दै लगेका थिए ।

जग्गा बेचविखन र ऋण लिने प्रचलनले वि.स २०४० सालमा आइपुग्दा तामाङहरुको जग्गाको स्वामित्वमा देखिने गरी फेरबदल आइसकेको थियो । झन्डै ३० प्रतिशतका दरले स्वामित्व घटेको थियो । जग्गाको स्वामित्व निम्नअनुसार घटे पनि रैथाने तामाङ भूमिहीन भने कोही भएका थिएनन् ।

**तालिका २ — २०४० सालमा जग्गाको स्वामित्वको अवस्था**

| | |
|---|---|
| उच्च तामाङ परिवार | १५० रोपनी |
| मध्यम तामाङ परिवार | ३५ रोपनी |
| निम्न तामाङ परिवार | १२ रोपनी |

*स्थानीय बूढापाकासँगको छलफलमा आधारित औसतः तथ्यांक*

२०४० सालभन्दा अघि तामाङहरुले जग्गा गुमाउनुको मुख्य कारण ऋण नै भएको देखिन्छ । जग्गा यसरी गुम्दै जाँदा पनि लगभग ८० प्रतिशत रैथाने तामाङले खाद्य संकटको मारमा पर्नु परेनछ । कम उत्पादनमूलक जग्गा भए पनि ८० प्रतिशतलाई आफ्नै जग्गाले खान पुग्थ्यो । बाँकी २० प्रतिशत आफ्नै समुदायमा ज्यालामजदुरी र अधिया गर्दै छाक टार्दा रहेछन् । जग्गा त गुम्दै गए पनि दैनिक जीवनयापनका दृष्टिले अवस्था त्यति धेरै भयावह भइसकेको थिएन । त्यसकारण उनीहरुले जग्गा गुम्दै गएको विषयले ठूलो घाटाका रुपमा लिएनन् सायद । तर अहिले आफ्नो बस्तीमा गिरीहरुको बाहुल्य बढ्दै गएपछि विगतलाई फर्केर हेर्न थालेका छन्, उनीहरु । कसरी आफूहरुले आफ्नै जग्गा गुमाउनुपर्‍यो भनेर सोच्दैनन् । तामाङहरु अहिले आएर आफ्नो जग्गा गुम्नुमा आफ्ना बाबुबाजेलाई जालझेलमा पारेर 'ठगिएको' ठान्छन् जब कि गैरतामाङ समुदायका व्यक्तिहरु स्वयं तामाङहरुलाई नै जिम्मेवार ठान्छन् ।

एकजना गिरीका अनुसार, तामाङहरूले जग्गा गुमाउनुको मूल जिम्मेवार स्वयं उनीहरु नै हुन् । तामाङहरु बडो सौखिन भएकाले जाँडरक्सी खाएर नै जग्गा जमिन बेचेका हुन् भन्ने उनको धारणा छ । काम गर्ने जाँगर नभएपछि जग्गा बेच्नुतिर तामाङहरु लागेको भन्ने अभिमतमा गैरतामाङहरु सहमत देखिन्छन् । गैरतामाङ समुदायको बुझाइमा तामाङ समुदाय चेतनाविहीन मानिस हुन् । उनीहरूका अनुसार चेतना नभएर नै तिनले जग्गा गुमाएका हुन् । तर गैरतामाङहरु ऋण दिंदाको झेल र चतुऱ्याइँका कारण तामाङले जग्गा जमिन गुमाएको कुरा भन्न रूचाउँदैनन् । ऋण लिने र दिने प्रक्रिया हिजो पनि थियो र यो समाजमा चलिनै रहन्छ । यो मानवीय सभ्यता र समाज विकासको क्रमसँग आएको सामाजिक अपरिहार्यता हो । समाजको यस्तो प्रक्रियालाई निषेध गर्न सकिँदैन तर ऋण लिने र दिनेबीच कतै एउटा पक्ष अन्यायमा त परेको छैन ? ऋण लिने र दिनेबीचको सम्बन्ध र यसले जन्माउने प्रभावका बारेमा समाजमा छलफल हुनसकेको छैन, जुन छलफल अत्यावश्यक छ । एउटा सम्पन्न वर्गका लागि यो सवालले त्यति ठूलो महत्व नराखे पनि नगरकोटका तामाङको हकमा ऋण लिनुपर्ने बाध्यात्मक अवस्था जग्गा गुम्ने कारण बनेको छ ।

## बाहिरियाको प्रवेश



नगरकोट डाँडाको सिरानमा सेनाको क्याम्प थियो । २०३६ सालमा एकाएक बाटोमा कालोपत्रे हुने हल्ला चल्यो । नभन्दै कालोपत्रे पनि भयो तर स्थानीयवासी त्यो कालोपत्रे सडक सेनाको आवतजावतको सजिलोका लागि थियो कि पर्यटन विकासका लागि ? अहिलेसम्म बुझ्न नसकेको बताउँछन् । तामाङ बस्तीमा गिरीहरु छिरेकै थिए, अब बाहिरियाहरूको आउने क्रम पनि बढ्यो । खासगरी २०३६ र २०४० को बीचमा बाहिरिया आउने जाने क्रम बढ्यो । किन यसरी मानिसहरु नगरकोटप्रति आकर्षित भइरहेका थिए ? किन आउँथे ? स्थानीयवासी त्यति भेउ पाउँदैनथे ।

डाँडोमा बस्थे, टाठा-बाठाहरूलाई भेट्थे । तामाङका अगुवाहरूलाई पनि भेट्थे र फर्कन्थे । यही क्रममा २०३६ सालमा पूर्व प्रधानमन्त्री तुलसी गिरीले एउटा डाँडो किनेको हल्ला चल्यो । उनले निकै धेरै जग्गा किने भन्ने हल्ला चले पनि किनेको जग्गा कति हो भन्ने खुल्न सकेन । त्यतिबेला जग्गा किनेकाहरूले आफूले किनेको जग्गाको क्षेत्रफल खुलाउँदैनथे किन भने थोरै नम्बरी जग्गा किनेर प्रति जग्गा ओगट्ने आमचलन थियो । जग्गा बेच्नेसँग पनि क्षेत्रफल नखुलाउने सहमति हुन्थ्यो ।

२०४० तिर नगरकोटका बारे प्रचार हुन थाल्यो । नेपालमा सबैभन्दा धेरै हिमाल नगरकोटबाटै देखिन्छ, सूर्योदय सबैभन्दा राम्रोसँग देखिने ठाउँ, शान्त वातावरण र चिसो हावापानी भएको काठमाडौंबाट नजिकको ठाउँ आदि । यी समग्र हल्लाले नगरकोटलाई पर्यटकीय थलो बनाउने वातावरण तयार पार्दै गयो । स्थानीय बासिन्दामा उत्साह थपिँदै गयो । होटल खुलेपछि पर्यटक आउलान् र नगरकोटको कायपलट हुनेछ भनेर टाठा-बाठाहरूले भन्दै गए । स्थानीय बासिन्दालाई पनि आफ्नो जिन्दगी पर्यटनले पक्कै फेर्नेछ भन्ने अपेक्षा र विश्वास बढ्दै गयो । होटल चल्ने हल्लाले भक्तपुर र काठमाडौंबाट गएर थुप्रै मानिसले जग्गा किने । ऋणै नभएका, जग्गा बेच्न मन नभएकालाई पनि जग्गा बेच्नका लागि वातावरण तयार पारियो ।

## उदारहण २ जग्गा किन्ने काइदा

२०४३ सालतिर भक्तपुरको एकजना साहु नगरकोट जग्गा किन्न गएछन् । दुई/चार दिन नगरकोट डुलेपछि स्थानीय राम तामाङको जग्गा उनलाई मन परेछ । नगरकोटकै एकजना स्थानीय बासिन्दालाई त्यो जग्गा मिलाइदिन उनले आग्रह गरेछन् ।  जग्गा धनी रामले आफू किसान भएको र आफूलाई जग्गा बेच्न नपरेको बताउँदै नबेच्ने जवाफ दिएछन् । तर ती साहुलाई त्यही जग्गा औधी मन परेछ र उनी जसरी पनि त्यही जग्गा किन्ने दाउमा हिंड्न थालेछन् । एक महिनासम्म पनि राम तामाङ जग्गा बेच्न तयार नभएपछि ती साहु रामको नातेदारकहाँ पुगेछन् र जग्गा बेच्न मनाइदिन पऱ्यो भनेर आग्रह गरेछन् ।

गाउँमा जग्गा उचित मूल्यभन्दा बढी दिंदा पनि नबेचेकोमा निज तामाङलाई आफन्तले नै बेवकुफ सावित गर्न खोजेछन् र बुद्धि नभएको मानिसको दर्जा दिन थालेछन् । उनलाई सबैतिरको दबाबले बसिटिक्नु भएनछ । अनि उनले एउटा अक्कल झिकेछन् र चलेको मूल्यभन्दा धेरै मोल भनिदिने । त्यतिबेला जग्गाको लगभग ५/६ हजार रोपनी पर्दथ्यो तर उनले आफ्नो जग्गाको मूल्य ८ हजार राखेछन् । उनलाई लागेको थियो, धेरै भनेपछि साहु बिच्किन्छन् र जग्गा किन्ने छैन अनि जग्गा बेच्ने टन्टै सकिन्छ । तर अवस्था उनले सोचेविपरीत भइदियो । उनले ८ हजार भनेको त मध्यस्थकर्ताले आठ हजार तिर्न हत्तपत्त तयार भइहाल्यो । साहु त दश हजार तिर्न तयार रहेछ । गाउँकै मध्यस्थकर्ताले आठ हजारका दरले आठ रोपनी जमिन किनेर उनलाई थप आठ सय खाजा खर्च पनि दिएछ । यसरी बेच्नै मन नभएको रामको जमिन बिक्री भयो ।

ठूलो रकम हात परेपछि उनले काठमाडौं आएर बैंकमा ६४ हजार राखेछन् । किसान भएकाले उनलाई खेती गर्न जमिन आवश्यक थियो । उनले नगरकोटभन्दा तल जग्गाको खोजीमा धेरै हिंडेछन् तर जग्गा पाउन सकेनछन् । जग्गाको मूल्य त बेपत्ता बढिसकेछ । रोपनीको १५/२० हजारसम्म चलिसकेछ । यो भाउ अत्यन्तै महँगो भएकाले उनले जग्गा किन्न सकेनछन् । जग्गा किन्न भनेर राखेको रकममध्ये केही छिमेकीलाई सापटी दिए, केही खर्च गरे र केही बैंकमा नै रहिरह्यो । २०४७ साल आइपुग्दा उनीसँग १५ हजारमात्रै बैंकमा रह्यो । सापट लिएको छिमेकीले २०५० सालमा मात्रै ऋण तिरे । सापट दिएको पैसा उनले उठाउने कोसिस नगरेका पनि होइनन् तर उनले जग्गा किन्नका लागि बैना गरेपछि दिइहाल्छु भन्दै छिमेकीले वर्षौं टारेछन् । २०५० सालमा आइपुग्दा उनीसँग बैंकमा भएको रकम र सापट दिएको रकम उठाउँदा एक रोपनी जग्गा किन्न पनि नपुग्ने अवस्था भएछ । त्यसपछि उनले जग्गा किन्ने विचार नै त्यागेछन् ।

उनले बेचेको जग्गाबाट पाएको मूल्य घर खर्चमा सकिसकेको छ भने अहिले त्यही जग्गाको मूल्य रोपनीको १५ देखि २० लाख पुगेको छ । उनीसँग अहिले बाँकी रहेको जमिनले उनको दैनिक गुजारा हुन कठिन छ । बाँकी केही जग्गा बेचेर छोरोलाई विदेश पठाएका छन् । आफू सिकर्मीको काम गर्छन् । अनाहकमा जग्गा बेच्नुपर्दा आज उनी पश्चातापमा छन् । छोरो विदेश जानुपर्ने थिएन, आफू करोडपति हुन्थें भन्ने सोचेर राम तामाङ अहिले मन खिन्न पार्छन् ।

## होटल व्यवसायी- रैथाने सम्बन्ध

उदारहण २ ले नगरकोटको तत्कालीन परिवेश बुझ्न धेरै सहयोग गर्छ । यसबाट त्यो बेलाको अवस्थाको विश्लेषण यसरी गर्न सकिन्छ ।

एक, बाहिरियाहरूसँग मिलेर स्थानीय टाठाबाठाले छिमेकीको कसरी शोषण गर्दा रहेछ भन्ने दृष्टान्त यसले दिन्छ । स्थानीयवासीकै सहयोग नभई बाहिरियाले शोषण गर्न सक्दा रहेनछन्, स्थानीयको सहयोग अपरिहार्य रहेछ भन्ने यसले देखाउँछ । रैथाने समुदाय बाहिरिया र भित्रियाको दोहोरो शोषण खेपिरहेका हुँदारहेछन भन्ने देखियो भने धेरै बाहिरियाहरूको नाफाका लागि र थोरै आफ्नो भलाइका लागि स्थानीय टाठाबाठा बाहिरियासँग मिल्दारहेछन् भन्ने पनि यसले देखायो ।

दोस्रो, बाहिरियाले कसरी स्थानीय टाठाबाठाहरूलाई परिचालन गर्दा रहेछन् भन्ने गतिलो उदारहण हो यो । यसबाट बाहिरियाको स्थानीयलाई परिचालन गर्ने ज्ञान, सीप देखिन्छ भने स्थानीयले कसको हितमा काम गरिरहेको छु भन्ने भेउ पाउन नसकेको देखिन्छ । थोरै व्यक्तिगत लाभमा स्थानीय टाठाबाठाहरु बाहिरियाको स्वार्थका लागि सजिलै उपलब्ध हुन्छन् भन्ने पनि यस उदारहणले प्रस्ट पारेको छ । रैथाने समुदायको अधिकार र खाद्यसंकट विकासका लागि धेरै ठाउँमा बलि चढेका छन् । विकासको एकोहोरो बहसले अरू सबै कुरालाई पन्छाएको छ र नेपालका प्रत्येक ठाउँमा विकासेहरूको एउटा ठूलै समूह क्रियाशील छ । यस्तो क्रियाशील समूहले गाउँमा 'यस्तो विकास गरें, उस्तो विकास गरें,' भनेर आफ्नो धाक रवाफ बढाउने अस्त्र बनाउँदै आएका छन् ।

तेस्रो, शहरीकरण र व्यवसायीकरणले स्थानीय समुदायको जिन्दगीलाई कहाँबाट कहाँ पुऱ्याउँदो रहेछ, माथिको कथालाई विश्लेषण गर्ने हो भने देख्न सकिन्छ । एउटा आत्मनिर्भर रैथाने किसान हेर्दाहेर्दै सिकर्मीमा परिणत हुनुपऱ्यो र दैनिक जीविकोपार्जनमा विगतको तुलनामा समस्याग्रस्त हुनुपऱ्यो । गाउँ-ठाउँ झिलिमिली भए पनि ऊ निरन्तर संकटको भुँमरीउन्मुख हुँदै जानुपऱ्यो । खाद्यान्नका हिसाबले आत्मनिर्भर एउटा समुदाय कसरी बजारमा निर्भर हुँदै गयो ? हिजो उसले गरेको खाद्यान्न उत्पादन समुदाय र राष्ट्रलाई कही न कही योगदान गरेको थियो तर आज ऊ आफैं बजारमा आश्रित हुनु परेको छ ।

चौथो, स्थानीय व्यक्तिको निर्णय गर्ने क्षमता कति धेरै कमजोर हुँदोरहेछ र कसरी प्रभावित पारिँदो रहेछ भन्ने अर्को तथ्य पनि यस कथाबाट थाहा पाउन सकिन्छ । कुनै पनि सर्तमा नबेच्ने सोचमा भएको किसानलाई चौतर्फी दबाबमा पारेर बेच्न बाध्य पारिएको घटना, स्थानीय व्यक्तिलाई अचेत र ज्ञानहीन देख्नेलाई एउटा सवल पाठ हो । ऊ आफ्नो निर्णय गर्ने हकबाट कसरी वञ्चित छ । सामाजिक सम्बन्ध र समाजले कसरी उसलाई बेच्दिन भन्दाभन्दै बेच्छु भन्नेमा रूपान्तरित गऱ्यो । भित्री र गाँठी कुरा विश्लेषण नगरीकन उसलाई दोष दिन त सजिलै छ तर समाजले नदीका माछा मार्न थापेझै उसलाई पासोमा पारिएको यथार्थ हो । र, यो विषय हाम्रो समाजमा सार्वजनिक बहस र विश्लेषणको विषय बन्दैन । कसरी मानिस समाजका टाठाबाठाबाट घेराबन्दीमा परेको छ ? ऊ आफू स्वतन्त्रजस्तो देखिए पनि उसले लिने निर्णय कोबाट र कसरी प्रभावित भइरहेका हुन्छन् ? नेपाली सन्दर्भमा अहम् महत्वको सवाल हो यो ।

पाँचौं, पर्यटन व्यवसाय प्रवद्धन गर्ने नाममा एउटा किसान कसरी खाद्यसंकटको भुँमरीमा पर्छ ? राम तामाङको कथा गतिलो उदारहण हो । अहिले नेपाली समाजमा सहरीकरणको प्रक्रिया अत्यन्तै तेज हुँदै गएको छ । राणा शासनदेखि अहिलेसम्मको केन्द्रकृत राज्यव्यवस्थाको सोचले ९५ प्रतिशतभन्दा माथि गाउँ सुविधाविहीन छन् । सहर झरेर पेसा वा व्यवसाय गरी जिन्दगी चलाउने परम्परा धेरै पहिलादेखि चल्दै आएको हो । तर नगरकोटको घटनाचाहिँ सहरीकरण अनि थोरै पर्यटन व्यवसायको लहरले स्थानीय समुदायलाई चेपेको ठाउँ हो ।

नेपालको आयआर्जनका लागि पर्यटन व्यवसाय उपयुक्त माध्यम हो भन्ने कुरामा विवाद र बहस त जरूरी छैन तर पर्यटन व्यवसाय सँगसँगै स्थानीय समुदाय र समाजको सवलीकरणका उत्तम उपायहरु के हुन् ? बहस नहुनुचाहिँ अचम्मकै कुरा हो । पर्यटन व्यवसायबाट राज्य लाभान्वित भएरमात्र हुँदैन । स्थानीय समुदाय पनि सँगसँगै लाभान्वित हुने उपाय खोजिएन भने समाजको वर्गीय खाडल अझै बढ्दै जाने छ । यस्ता उपाय ननिस्कने होइन, नखोजिएको हो । यो सीमान्तकृत समुदायको सवाल भएकाले छलफल नचलाइएको हो । समाजको उच्चवर्गको यो मुद्दा नै होइन ।

छैटौं, आफ्नै थातथलोमा रैथाने समुदाय कसरी बिरानो र कमजोर हुँदै जान्छ र बाहिरियाको प्रभाव बढ्दै जान्छ भन्ने पनि यस कथाले देखाएको छ । अहिले नेपाली राजनीतिलाई पहिचानको सवाल बहसको केन्द्रमा छ यद्यपि यो बहस/आन्दोलन धरातलमा आधारित छैन । सहरीकरण, पर्यटन व्यवसायजस्ता प्रवर्द्धन गर्ने ठाउँमा पनि स्थानीय रैथाने समुदायको पहिचान र आत्मसम्मानलाई जीवित राखेर कसरी बढ्न सकिन्छ ? यसका व्यावहारिक र सैद्धान्तिक पक्षहरु के-के हुन् ? छलफल गर्न जरूरी छ । पहिचानसहित, खाद्य निर्भरता र पर्यटन व्यवसाय कसरी अगाडि बढाउन सकिन्छ भन्ने अहिलेको महत्वपूर्ण सवाल हो ।



सातौं, स्थानीय ठाउँको विकास भए पनि अथवा भौतिक पूर्वाधारले भरिपूर्ण भए पनि स्थानीयवासीको जिन्दगी कसरी संकटमा पर्दैजान्छ ? हिजोको नगरकोट र आजको नगरकोटको 'झिलिमिली' मा धेरै अन्तर छ । अहिले स्थापित विकासका सूचकहरूसँग सहमति जनाउने हो भने अर्थात् बाटो, घाटो, बिजुली, सञ्चारलाई विकास मान्ने हो नगरकोट विकसित भएको छ । तर रैथाने समुदायको आत्मसम्मान, खाद्यान्नको स्थिति र संकटलाई सूक्ष्म ढंगले हेर्ने हो भने सायद अर्कै निष्कर्षमा पुगिन्छ । के विकास हुनु भनेको आत्मसम्मानमा चोट पुग्नु हो ? कि विकास हुनु भनेको परनिर्भर हुनु हो ? के विकास हुनु भनेको पहिचान गुमाउँदै जानु हो ? के विकास हुनु भनेको बाहिरियाको शोषण खेप्दै जानु हो ? यस्ता अनेकन प्रश्न उठ्न सक्छ, नगरकोटका एक प्रतिनिधि पात्रको कथा पढेपछि । यी प्रश्नको उत्तरको खोजी र न्यायपूर्ण सम्बोधन अहिलेको खाँचो हो । अब हामीले विकासलाई हाम्रो सम्बन्धमा पुनः परिभाषित गर्न जरूरी छ । पश्चिमाबाट आयातित र स्थापित गरिएका विकासका मान्यता पूर्णरूपमा असफल भइसक्दा पनि हामीले विकासको बहस नयाँ शिराबाट उठाएका छैनौं । सर्वत्र असफलता हात लाग्दा पनि नचेत्नु हाम्रो आफ्नै कमजोरी हो ।

आठौं, नेपालको पर्यटन व्यवसायले कुन वर्ग लाभान्वित भएको छ ? अहिलेको पर्यटन व्यवसायको प्रक्रिया र पद्धतिले स्थानीय समुदायका कमजोर वर्गले लाभ पाउन सकेकै छैनन् । राज्यले कर पाएको छ । व्यवसायीहरूले नाफा गरेका छन् । स्थानीय समुदायका

कमजोर समूह भने अझै सीमान्कृत र चेपमा परेका छन् । उल्लेखित कथाले यसै भन्छ । पर्यटन व्यवसायबाट स्थानीय र रैथाने समुदाय लाभान्वित हुन नसकेको अवस्थालाई गम्भीर ढंगले पुनर्विचार गर्नु आवश्यक देखिन्छ ।

२०४० सालदेखि २०६० सालसम्मको दुई दशकमा नगरकोटमा बाहिरियाले जग्गा किने, होटल बनाए । अहिलेचाहिँ जग्गा किनेर पछि महँगो हुन्छ भनेर राख्ने प्रवृत्ति बढेको देखिन्छ । स्थानीय र रैथानेहरूमा चाहिँ सहरीकरण र उपभोक्तावादी संस्कृतिको प्रभाव पर्न थालेको छ । उनीहरु जग्गा जमिन बेच्छन् र त्यसबाट छोरालाई विदेश पठाउने, टेलिभिजन, मोटरसाइकललगायत आधुनिक सामग्री उपभोग गर्न उद्यत् छन् । टेलिभिजन र मोटरसाइकलजस्ता आधुनिक सामग्री जोड्नुपर्ने सामाजिक बाध्यता बढ्दै गएका छन् किनभने उनीहरूको समुदायमा यस्ता सामग्रीसँग व्यक्तिको मान र प्रतिष्ठा जोडिन थालेको छ । स्थानीय समुदायसँग यस्तो प्रवृत्तिविरूद्धको प्रतिरोधात्मक क्षमता अत्यन्तै कमजोर भएकाले यो निरन्तर बढ्दै र स्थिापित हुँदै गएको छ ।

हालसालै मेनस्ट्यापलर नाम गरेको एक कम्पनीले नौ सय रोपनी जग्गा किनेर राखेको छ । यसको उद्देश्य मौसम, सुन्तला, आरुबखराजस्ता फलफूलबाट वाइन उत्पादन गर्ने हो । यो पनि स्थानीय अगुवाहरूको मध्यस्थतामा धेरै तामाङहरूको जग्गा मिलाएर बेचिएको हो । लगभग दुई/तीन महिनाको समय लगाएर कम्पनीलाई स्थानीय अगुवाले किन्ने चाजोपाजो मिलाइदिएका हुन् । एकातिरबाट हेर्दा यो धेरै राम्रो कामजस्तो देखिन्छ । वाइनका लागि विदेश गएको पैसा स्वदेशमा नै वाइन उत्पादन गरेपछि त्यो रकम विदेश जाँदैन र राज्यले कर पाउँछ । उस्तै परे वाइन प्रेमीका लागि थोरबहुत सस्तो पनि होला । तर लगभग ७०/८० जना तामाङको जग्गा बिक्री भएको छ । जसरी उनीहरूको जग्गाको स्वामित्व घट्दो क्रममा छ ? जसरी खाद्यसुरक्षा एउटा चुनौतीपूर्ण समस्याका रूपमा आइरहेको छ ? यो अवस्थामा भोलिका दिन उनीहरूका लागि कस्तो हुनेछ ? यस प्रश्नको जवाफचाहिँ कतैबाट खोजिएको छैन ।

## खाद्य सुरक्षाको अवस्था

माथि रैथाने तामाङले कसरी जग्गा गुमाउँदै गए ? भन्ने घटनासहित विश्लेषण गरियो । गिरीहरूको ऋण/ब्याज, त्यसपछि बाहिरियाको प्रवेश, होटलहरूको स्थापना, जग्गा महँगो हुने नाममा किनेर बाँझो राख्ने प्रवृत्ति र अन्त्यमा कम्पनीहरु प्रवेश गर्नुले रैथाने समुदायको जग्गाको स्वामित्व घट्दै गयो । सात दशकमा विभिन्न पाँच चरणमा विकसित पाँच प्रवृत्तिका कारण रैथाने समुदाय आफ्नै जग्गाको स्वामित्वबाट विमुख हुँदै गए । यी पाँचै चरणका कारणले जग्गाको स्वामित्वमा आएको फेरबदल तल प्रस्तुत गरिएको छ ।

**तालिका ३ जग्गामा स्वामित्वको वि.सं. १९९०, २०४० र हालको तुलनात्मक विश्लेषण**

| | | | |
|---|---|---|---|
| उच्च तामाङ परिवार | २०० रोपनी | १५० रोपनी | २० रोपनी |
| मध्यम तामाङ परिवार | ५० रोपनी | ३५ रोपनी | १० रोपनी |
| निम्न तामाङ परिवार | २० रोपनी | १२ रोपनी | ७ रोपनी |

*नगरकोटमा गरिएको समूहगत छलफल र व्यक्तिगत अन्तर्वार्तामा आधारित*



नोटः अहिले ५ प्रतिशत रैथाने समुदाय सुकुम्बासीमा रूपान्तरित भएका छन् ।

माथिको तालिकाबाट स्पष्ट के देखिन्छ भने, हिजो सबैभन्दा गरिब तामाङसँग हुने जति जग्गा अहिले धनी तामाङसँग छ । जग्गाको आधारमा धनी र गरिबको विश्लेषण गर्ने सूचकहरूमा आधारभूत परिवर्तन आएको छ । सन्दर्भ र परिवेशअनुसार उच्च, मध्ययम र निम्न तह भनी वर्ग त रहिरहेको नै छ तर जग्गाको स्वामित्वमा भने धेरै ठूलो अन्तर आएको छ । कुनै बेला आफ्नै उत्पादनले पुग्ने रैथाने समुदाय अहिले सुकुम्बासी बन्दै गइरहेका छन् ।

**तालिका ४ जग्गा गुमाउनुको कारण र स्थिति (प्रतिशत)**




*नगरकोटमा गरिएको समूह छलफल र व्यक्तिगत अन्तरवार्तामा आधारित*

जग्गाको स्वामित्व घट्दै जानुका मुख्य कारण ५ भए पनि स्थानीय समुदायले त्यसको बेग्लाबेग्लै प्रतिशत बताउन नसकेकाले तीन तहमा समाहित गरिएको छ । जग्गा गुमाउनुको मुख्य कारण गैरतामाङहरूको बुझाइमा तामाङ समुदायको उपभोगत्तावादी संस्कृति पहिलो कारण भए पनि अध्ययन/अनुसन्धानका क्रममा यो सबैभन्दा निम्छरो बन्न पुग्यो । माथिको तालिकामा ऋणको प्रतिशत थोरै देखिएको छ यद्यपि सुरू देखिन अहिलेसम्म पनि जग्गाको स्वामित्व गुमाउँदै जानुमा प्रत्येक कारणको वरिपरि कही न कही ऋण रहेको छ ।

## तालिका ५ गुमाएको जग्गा प्रतिशत र क्षेत्रफल




*नगरकोटमा गरिएको समूह छलफल र व्यक्तिगत अन्तरवार्तामा आधारित*



तालिका ५ ले स्पष्ट के देखाएको छ भने, धेरै जग्गा हुनेले धेरै गुमाए र थोरै हुनेले थोरै गुमाए । तर एउटा अनौठो तथ्य, अहिले सुकुम्बासीमा स्थान्तरित भएको समूहमा निम्न वर्गका तामाङभन्दा मध्यम वर्गका तामाङको बाहुल्य छ । अझ अनौठो त उच्च वर्गबाट पनि सुकुम्बासीमा स्थान्तरित भएका छन् । वि.स. १९९० लाई आधार मान्दा उच्च, मध्यम र निम्न वर्गबाट सुकुम्बासीमा स्थान्तरण हुने प्रतिशत तल तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका ६ कुन वर्गबाट कति प्रतिशत सुकुम्बासी ?




*नगरकोटमा गरिएको समूह छलफल र व्यक्तिगत अन्तरवार्तामा आधारित*

तालिका ६ ले नेपाली समाज र राजनीतिमा रहेको एउटा स्थापित भ्रमलाई चुनौती दिएको छ । समाजको निम्न वर्गले मात्रै जग्गा बेच्छ र सुकुम्बासीमा रूपान्तरित हुन्छ भन्ने बलजफ्ती स्थापित गरिएको मान्यताको विपरीत सम्पूर्ण जग्गा बेचेर सुकुम्बासीमा रूपान्तरित हुनेमा मध्यम वर्गको बाहुल्य देखियो । उच्च वर्गले जग्गा बेचेर सुकुम्बासीमा रूपान्तरित भएको तथ्य पनि फेला परेका छन् ।

## स्वामित्व परिवर्तनले खाद्य सुरक्षामा पारेको प्रभाव

हाम्रो सन्दर्भमा कृषि खाद्य सुरक्षाको मुख्य स्रोत हो । त्यसका वरिपरि जंगल र जल पनि रहन्छ तर नगरकोटमा गरिएको यस अध्ययनमा भने खाद्य सुरक्षाको प्रमुख स्रोत कृषि र पशुपालन थियो । पशुपालनको स्थिति र अवस्थाबारे यसपछिका परिच्छेद्मा उल्लेख गरिनेछ । तल प्रस्तुत गरिएको तालिकामा भने खाद्य सुरक्षाको तुलनात्मक विवरण प्रस्तुत गरिएको छ । वि.स. १९९० ताका सबै रैथाने तामाङहरु आफ्नै जग्गाको उत्पादनबाट खाद्यान्नमा निर्भर थिए । २०४० को दशकमा आइपुग्दा ३० प्रतिशत घरपरिवारले खाद्यान्न संकट व्यहोर्न पुगे । अहिलेको खाद्य सुरक्षाको अवस्था भने तल तालिकामा प्रस्तुत गरिएको छ ।

| तालिका ७ | हाल खाद्यसुरक्षाको अवस्था |
|---|---|
| आफ्नो जग्गाबाट वर्षभरि खान पुग्ने | १५ प्रतिशत |
| ३ महिनादेखि ६ महिनासम्म आफ्नो जग्गाबाट खान पुग्ने | ५० प्रतिशत |
| १ महिनादेखि ३ महिना आफ्नै जग्गाबाट खान पुग्ने | ३० प्रतिशत |
| आफ्नो जग्गाबाट १ दिन पनि खान नपुग्ने | ५ प्रतिशत |

*नगरकोटमा गरिएको समूह छलफल र व्यक्तिगत अन्तर्वार्तामा आधारित*

एकदेखि आठसम्मका तालिकालाई विश्लेषण गर्दा, हाम्रासामु जबरजस्त रूपमा केही प्रश्नहरु उठ्छन् । एउटा रैथाने समुदाय विकासका नाममा कसरी विस्थापित भयो ? आधुनिकीकरणको चपेटामा परेर कसरी खाद्यसंकट भोग्न बाध्य भयो ? यी अनुभवबाट हामीले के सिक्न सक्छौं ? के कस्ता नीतिगत व्यवस्थाहरु गर्न सक्छौं छलफल हुन जरूरी छ ? तर, राजनीतिक र प्राज्ञिक तहमा यस्ता छलफल अत्यन्तै निम्छरा छन् । कोरा राजनीतिक सिद्धान्तभन्दा बाहिर खाद्यसंकट र विस्थापनजस्ता सवालहरूको सार्वजनिक बहस भएको छैन । के कमजोर पारिएको वर्ग अझै केही समय यस्तै नियती भोग्नु पर्ने हो ? यस्तो प्रक्रियालाई अन्त्य गरिँदैन भने द्वन्द्वको धुवाँ यस्तै प्वालहरूबाट निस्कन सक्छन् ।

के त्यसो भए नेपालको पर्यटन विकासमा नगरकोटले पुऱ्याएको योगदानलाई नजरअन्दाज गर्न मिल्छ ? के पर्यटन विकास र व्यवसायलाई बन्द गर्दा तामाङहरूले न्याय पाउँछन् ? त्यो होइन, तर यस अध्ययनले उठाएका प्रश्नको न्यायपूर्ण सम्बोधन जरूरी छ । यस पुस्तिकको यसपछिका खण्डमा यसका सैद्धान्तिक अवधारणा, राज्य, स्थानीय सरकार र स्थानीय

समुदायले चाल्नुपर्ने सैद्धान्तिक र व्यावहारिक कदमबारे चर्चा गरिएको छ । यस्ता सवाल सतहमा आएका छैनन् वा ल्याइएको छैन तर यस्ता सवाल लुकाएर राखियो भने कुनै दिन यसले ठूलो रूप लिनसक्छ । यस्तो अवस्थालाई स्वीकार गर्नु र न्यायपूर्ण सम्बोधन खोज्नु सबै सरोकारवालाको प्राथमिक दायित्व हो ।

## होटलहरूको प्रभाव

नगरकोटमा होटलहरू खुल्नु र गोरो अनुहारका मानिसको नगरकोट घुमाई यहाँका लागि हर्षोल्लासको विषय थियो । स्थानीय रैथाने तामाङलाई रमाइलो पनि लागेको थियो । स्थानीय अगुवा र बाहिरियाहरूले रोजगारीको ठूलै आशा देखाएका थिए । पक्कै पनि रोजगारीमार्फत आफ्नो जिन्दगी फेरिन्छ होला भन्ने विश्वास पनि थियो तर होटल बढ्दै जाने क्रममा यो विश्वास तुसारापात भयो । नयाँ–नयाँ संकट आउन थाले । पर्यटकीय स्थल बनेपछि आउने संकटबारे स्थानीय तहमा सुरूमा छलफल नै भएन । २०५५ सालदेखि संकटमाथि छलफलको सुरूवात हुन थाल्यो । निम्न लिखित व्यवधानहरू नगरकोटमा उत्पन्न भए ।



होटलले प्रति जग्गा ओगट्नु : लालपुर्जासहितको नम्बरी जग्गाबाट रैथाने समुदाय कसरी पाखा पर्दै गए भन्ने कुराको विश्लेषणात्मक व्याख्या गरिसकिएको छ । बाहिरबाट गएका र लगभग नाम चलेका नगरकोटमा ४७ वटा होटल छन् र प्रत्येक होटलले थोरै वा धेरै प्रति जग्गा ओगटेका छन् । सबैभन्दा बढी प्रति जग्गा ओगट्नेमा होटल हिमालयन क्लब छ । यस होटलसँग स्थानीय बासिन्दाको सबैभन्दा धेरै अन्तरविरोध छ । सबै होटलले ओगटेको प्रति जग्गा लगभग ४ हजार रोपनी रहेको छ । तर स्थानीय बासिन्दाले कुन होटलले कति ओगटेको छ भनेर विवरण भने दिन सक्दैनन् । होटल हिमालयन क्लबसँग पटकपटक अन्तरविरोध भएकाले यसले ओगटेको २४ रोपनी भने सबैलाई कण्ठै छ ।

**उदारहण ३ — हिमालयन क्बलको बलमिच्याइँ**

होटल हिमालयन क्लब नगरकोटको सबैभन्दा आधुनिक र 'ठूला मानिस' आउने/जाने गर्ने क्लब हो । पूर्व राजपरिवारसँग पनि यसको बलियो सम्बन्ध र साइनो छ । ज्ञानेन्द्रले सम्पूर्ण सत्ता हातमा लिएपछि पारसका सपरिवार जानेमात्रै होइन, तत्कालीन राजा वीरेन्द्र बेलामौकामा होटल हिमालयन क्लबमा जान्थे र बस्थे । होटल हिमालयन क्लबको यो ठूलो सान थियो । एकपटक होटल हिमालयन क्लबले गाउँमा एउटा सु–समाचार सम्प्रेषण गर्‍यो– हिमालयन क्लबले माथिको मुहानबाट खानेपानी ल्याउने, आधा गाउँलाई दिने र आधा होटलले राख्ने । तत्कालीन प्रधानपञ्च र स्थानीय अगुवाहरूले यस हल्लालाई गाउँमा राम्रोसँग फिजाए । सबै घरधुरीको सहमतिका लागि स्थानीय अगुवाहरू गाउँ चाहारे र प्रत्येक घरधुरीको मूल व्यक्तिको दस्तखत गराए । खानेपानीको व्यवस्था

भयो तर होटलले गाउँमा वितरण प्रणाली जडान गरेन । सबैभन्दा पहिलो अन्तरविरोध यहींबाट सुरू भयो ।

यस होटलले २४ रोपनी प्रति जग्गा कब्जा गरेको कुराले स्थानीय समुदाय असन्तुष्ट रहँदै आएका छन् । यस विषयलाई गाउँलेले पटकपटक उठाए । तर होटलले कहिल्यै सुनुवाइ गरेन । किन भने उसले त्यस ओगटेको जग्गामा भौतिक पूर्वाधारको निर्माण गरिसकेको थियो । बलमिच्याइँपूर्वक लगानी गरिसकेको थियो । एकपटक तत्कालीन राजा वीरेन्द्र गएका बेला गाउँलेहरूले धेरै प्रयासपछि भेट पाएका थिए । उनीहरूले होटलले पानीमा गरेको धोकाधडी र प्रति जग्गा ओगटेको समस्या सुनाएछन् । राजा वीरेन्द्रले धैर्यपूर्वक सुने र अन्तिममा 'भो यो मुद्दा छोडीदियौं, होटललाई गरिखान पनि दिन पर्‍यो भने पछि स्थानीय बासिन्दा चुपचाप फर्किए र मुद्दा पनि थन्कियो ।

गणतन्त्र स्थापनापछि माओवादीले एकपटक उक्त होटलको जग्गा र पानीको मुद्दालाई लिएर सर्वदलीय बैठक आवह्वान गर्‍यो । सबै पार्टी नेताहरूलाई भेट्यो । सर्वदलीय बैठकमा आउने र यस मुद्दालाई अनुमोदन गर्ने सहमति लियो । तर बैठकको दिन कुनै पार्टीका नेता पनि उपस्थित भएनन् । त्यसपछि माओवादीले पनि कुनै त्यस्तो ठूलो खालको हस्तक्षेपको प्रयास गरेको छैन । यस होटलले प्राकृतिक स्रोत दोहनमात्रै होइन, सांस्कृतिक रूपमा पनि तामाङहरूको मृत्यु संस्कारपछि गाडिने चिहान स्थलसमेत कब्जामा लिएको छ । मोटरबाटो बनेपछि चिहानघारी बाटोको देब्रे र दाहिने पर्‍यो एकतिरको जग्गा होटलले च्याप्यो । बाटो निर्माणका क्रममा पनि यस्ता सांस्कृतिक अवस्थाहरूलाई ख्याल गर्नु पर्दथ्यो । सांस्कृतिक धरोहर नभत्काईकन कसरी भौतिक पूर्वाधारको विकास गर्न सकिन्छ भनेर सोच्न जरूरी थियो । स्थानीय रैथाने समुदाय एउटा त भौतिक पूर्वाधार विकासको चपेटामा र अर्को निजी क्षेत्रको चपेटामा परेर सांस्कृतिक स्थल खुम्चियो ।

*(उत्तरकुमार तामाङसँग गरिएको कुराकानीमा आधारित)*

उल्लेखित उदारहण एउटा घटनामात्रै नभएर नगरकोटको वा निजी क्षेत्रको एउटा प्रतिनिधिमूलक चरित्र हो । यस घटनालाई विभिन्न दृष्टिकोणबाट हेर्न सकिन्छ । सबैभन्दा पहिलो कुरा प्राकृतिक स्रोतमाथि निजी क्षेत्रले कसरी आधिपत्य जमाएको छ भन्ने यो सबैभन्दा ठूलो नजिर हो ।

## खानेपानी विवाद

निजीकरणको बढ्दो प्रभावले रैथाने समुदायको भूस्वामित्वमा पारेको असर र बद्लिँदो भूस्वामित्वको अवस्थालाई माथि चित्रण गरियो । औद्योगिकीकरण/निजीकरणको प्रक्रियाले स्थानीय समुदायसँगको प्राकृतिक स्रोतको विवाद जमिनमा मात्रै नभएर अन्य स्रोतमाथि समेत जबरजस्त पर्ने गरेको छ । यस अध्ययनका क्रममा नगरकोटमा पानी र स्थानीय समुदायबीचको विवाद पनि अध्ययन र विश्लेषणको विषय बन्यो ।

पानीसम्बन्धी सबैभन्दा पहिलो सरकारी दस्ताबेज मुलुकी ऐन हो । पानीको संकट सुरू नभइसकेको बेलामा पनि मुलुकी ऐनले पानीको व्यवस्थापनमा बोल्नु भनेको आफैंमा अनौठो हो । के र कस्तो कारणले मुलुकी ऐनमा पानीको व्यवस्था गर्नु पऱ्यो ? त्यो अझै इतिहासकै गर्वमा छ । खानेपानीभन्दा सिंचाइको बढी व्याख्या गरिएको हुनाले त्यतिबेला पनि समाजमा सिंचाइसम्बन्धी विवाद थिए भन्ने अनुमान गर्न सकिन्छ । मुलुकी ऐनको जग्गा आवादको नं. १ मा भनिएको छ "आफ्नो खर्च वा आफ्नो प्रयासले कुलो बनाउनेले पहिले पानी नपाई अरूले पाउँदैनन् । नयाँ कुलो बनाउँदा पुऱ्याउने कुलोले पटाउने खेतमा पानी कम हुनुहुँदैन ।" ऐनमा पानीलाई प्रदूषण गर्न नहुने कुरा पनि उल्लेख छ । मुलुकी ऐनले सिंचाइलाई यस्तो रूपमा व्याख्या गरे पनि २०४९ को जलस्रोत ऐनले पानीको स्पष्ट रूपमा प्रथमिकता तोकेको छ । जसको प्रथमिकता निम्नानुसार छ ।

१. खानेपानी तथा घरेलु उपयोग
२. सिँचाइ, पशुपालन तथा मत्स्यपालनजस्ता कृषिसम्बन्धी चलन
३. जलविद्युत्
४. घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपभोग
५. जल यातायात
६. आमोद-प्रमोदसम्बन्धी उपयोग र
७. अन्य उपयोग

पानीसम्बन्धी इतिहासदेखि वर्तमानसम्मका हाम्रा नीति हेर्दा निजी क्षेत्रले यसको ठाडो नजरअन्दाज गरेको देखिन्छ । यस क्षेत्रले नीतिनियम भन्ने कुरा केही हुँदैहोइन भन्ने व्यवहार गरेको देखिन्छ । २०४९ को जलस्रोत ऐनले समुदायको खानेपानीलाई पहिलो प्राथमिकता तोके पनि व्यवहारमा निजी क्षेत्रले पहिलो प्राथमिकता पाएको छ । नेपाली राजनीतिमा निजी क्षेत्र कसरी बलियो हुँदैछ र स्थानीय समुदाय कसरी संकटको भुँमरीमा पर्दैछन् ? भन्न अब ठूलो व्याख्या-विश्लेषणको जरूरी रहेन । स्थानीय समुदायको निरन्तर असन्तुष्टि र असहमतिका बाबजुत पनि शक्तिवालाहरूसँगको आडमा प्राकृतिक स्रोतको दोहन निजी क्षेत्रले गरिनै रहेको छ । यसको गतिलो नजिर नगरकोट हो ।

नगरकोटमा सुरूमा राजपरिवारको आडमा होटल हिमालयन क्लब टिक्यो । पछि राजनीतिक पार्टीहरूले नै असहमतिका स्वर निकाल्न नसक्ने भए । यसले रैथाने समुदायको प्राथमिकता र भावना एउटा छ भने राजनीतिक पार्टीहरूको प्राथमिकता अर्को छ भन्ने प्रस्ट देखिएको छ । होटलले खानेपानीको एकलौटी प्रयोग गरेर खानेपानी प्राथमिकीकरणका आधुनिक र पुराना मान्यता भत्काएको छ ।

## पानी संकटमा बस्ती

भू-यथार्थताको दृष्टिकोणले पनि नगरकोट पानीको समस्या भएकै ठाउँ हो । पर्यटकीय क्षेत्र विकासको दृष्टिकोणले होटलहरु सबै डाँडोमा छन् र बस्ती तलतिर छ । बस्ती र होटलहरूको बीचमा धेरै खानेपानीका मुहान छन् । प्रायः प्रत्येक तलको मुहानबाट शक्तिशाली मोटर प्रयोग

गरेर होटलमा पानी तानिन्छ र तलका अधिकांश बस्तीहरु खानेपानीको संकटमा पर्दछन् । अहिले पर्यटकीय स्थलको धेरै भाग काभ्रे जिल्ला नालदुम गाविसमा पर्दछ । यस गाविसका वडा नं. १, ४, ६ र ८ का लगभग ५ सय घरधुरी खानेपानीको निरन्तर संकट भोगिरहेका छन् । आधुनिक युगमा विकास भएको प्रविधि पनि गरिब र कमजोर समुदायको विपक्षमा उपयोग भइरहेको छ ।

यहाँको खानेपानी मुद्दाका विषयमा पटकपटक छलफल बहस नभएको होइन । समुदाय र होटलबीचमा वार्ता पनि भयो । होटलले खानेपानी ट्यांकी निर्माण र मर्मतसम्भार गरी गाउँलाई आधा र होटललाई आधा-आधा पानी बाँड्ने छलफल पनि भयो तर यो कहिल्यै कार्यान्वयन भएन किन ? किन भने स्थानीय समुदाय राजनीतिक पार्टीहरूले समेत होटलहरूकै संरक्षण गरेका कारण उनीहरु मारमा परेको ठान्छन् ।

खानेपानी संकट भोगेका गाउँलेले जमिनमा तरकारीसमेत लगाउन नमिल्ने अवस्था छ । 'जमिन तरकारीयोग्य छ तर पानीको संकटले लगाउन मिल्दैन,' एक रैथाने कृषक गुनासो गर्छन् । होटल व्यवसायीचाहिँ स्थानीयलाई सधैँ तरकारी उत्पादन गरेर होटललाई नै बेच्न अर्ति-उपदेश दिन पछि पर्दैनन् रे । 'होटलहरूले तरकारी उत्पादन गर्ने, बेच्ने र धनी हुने भन्ने सपना अहिले पनि बाँडिरहेका छन् ।' ती रैथाने प्रश्न गर्छन्, 'पानी जति सबै होटलले लगेपछि तरकारी कहाँ लगाउने र होटललाई कसरी बेच्ने ?'



**उदारहण ४ स्थानीय उत्पादनको अवहेलना**

होटल खुलेर तरकारी होटलले किनिदिने हल्ला चलेपछि स्थानीय एकजना युवाले नगरकोटको बसपार्कमा एउटा तरकारी पसल खोले । सुरुमा कुनै कुनै होटलले एक दुईपटक तरकारी किनेछन् । तर पसल खोलेको १/२ महिनापछि नै होटलले तरकारी लिन मञ्जुर गरेनन् । होटलले तरकारी लिन मञ्जुर नगरेको कारण उनले यो व्यवसाय सुरु गरेको पाँच वर्ष नाघिसक्दा पनि थाहा छैन । अहिले पनि उनको तरकारी पसल छ तर होटलले होइन, बाहिरियाले किनेर चलिरहेको छ ।

## प्रति जग्गाको परम्परागत प्रयोग

प्रति वा सार्वजनिक जग्गा प्रत्येक ठाउँमा रहनु लगभग नेपालको जनजीवन र सांस्कृतिक रूपमा जोडिएको विषय हो । प्रति जग्गालाई चलनचल्तीमा सरकारी जग्गा भने पनि प्रयोग भने स्थानीय समुदायले नै सामुदायिक हितका लागि प्रयोग गर्दछन् । सामुदायिक हितका लागि प्रयोग गर्दा धेरै अनौपचारिक विधि र तरिकाबाट प्रयोग गर्दछन् । अहिले नगरकोटका सबै होटलले गरी लगभग ४ हजार रोपनी प्रति जग्गा च्यापेका छन् । यसको प्रयोग होटलहरूले प्रयोग गर्नुभन्दा पहिला रैथाने तामाङहरूले नै गर्दथे । यस्तो जग्गाको प्रयोग पूरै चरनका रूपमा भएको थियो । गाई, गोरू, भैंसी, बाख्रा चराउने थलो थियो ।

चरन क्षेत्र विस्तारै होटलले कब्जा गर्दै गएपछि अहिले पशुपालन व्यवसायमा ७५ प्रतिशत कमी आएको स्थानीय रैथानेहरु बताउँछन् । यस्तो जग्गाको प्रयोग चरन क्षेत्रका लागि मात्रै थिएन । घरमा चाहिने सोतर, घाँस, डाले घाँस सबै तिनै क्षेत्रबाट आपूर्ति गरिन्थ्यो । ४ हजार रोपनी जमिन चरन र घाँसपातका लागि प्रयोग भनेको पहाडमा धेरै ठूलो क्षेत्रफल मानिन्छ । त्यति धेरै क्षेत्रफलको जग्गा निजी क्षेत्रले कब्जा गरेपछि परम्परागत पशुपालनको प्रयोगमा कमी आउनु स्वाभाविक हो । तर राजनीतिक पार्टी र स्थानीय सरकारले यस्तो विषयलाई कहिल्यै प्राथमिकतामा नराख्नु चाहिँ दुर्भाग्यपूर्ण कुरा हो । पार्टी र स्थानीय सरकारले कृषि र पशुपालनबीचको अन्तरसम्बन्ध नबुझेर यो मुद्दा नउठाएका होइनन् अपितु, निजी क्षेत्रको बोलवालाको अगाडि सबै नतमस्तक भएर बेवास्ता गरेका हुन् । गैरतामाङहरु  र खासगरी स्थानीय राजनीतिक पार्टीका कार्यकर्ता यस तथ्यलाई स्वीकार गर्दैनन् बरु उनीहरु बढ्दो सहरीकरणले गर्दा पशुपालनमा कमी आएको भन्न रूचाउँछन् । स्थानीय रैथानेहरु एक त निजी क्षेत्रसँगको अन्तरविरोधमा छन् र अर्को गैरतामाङहरूसँगको । प्राकृतिक स्रोतको उपयोग र व्यवस्थापनलाई हेर्ने दृष्टिकोणमा निजी क्षेत्र र गैरतामाङहरूको दृष्टिकोण मिल्न जाँदा उनीहरु दोहोरो मारमा परेका छन् ।

# प्राकृतिक स्रोत, रैथाने समुदाय र निजी क्षेत्र

सम्पूर्ण प्राकृतिक स्रोत अर्थात् जल, जगल र जमिनसँगको सम्बन्धमा रैथाने समुदायको नियन्त्रण र स्वामित्व किन र कसरी कमजोर हुँदै गइरहेको छ ? आधुनिकीकरण, व्यवसायीकरण या विकासका बहसमा यो मुद्दालाई पनि समावेश गर्नु जरूरी छ । अनेक कारणले रैथाने समुदायहरु आफ्नो स्वामित्वको जमिनबाट बाहिर परेका छन् । पानीको प्रयोग निजी क्षेत्रले धेरै गर्दा आफ्नो थातथलोको स्रोत उपभोग गर्न नपाएको मात्रै होइन, यसले उत्पादन प्रणालीमै नकारात्मक प्रभाव छोडेको छ । जमिनको स्वामित्व घट्दै गएकाले खाद्यान्नको संकट सिर्जना भएको एकातिर छ भने जमिनलाई उत्पादनमूलक बनाउनका लागि पनि घट्दो पशुपालन र पानीको संकटले अप्ठेरो अवस्था सिर्जना गरिदिएको छ । चरन क्षेत्र र घाँसपातजस्ता कुरामा प्रयोग भएको सार्वजनिक जग्गा होटलले मिचे । यस्तो अवस्थाले रैथाने तामाङ समुदाय जल, जमिनबाट बाहिर परे ।



## जैविक विविधताको संरक्षणले निम्त्याएको विस्थापन

नेपाली सन्दर्भमा मात्र होइन, विश्वव्यापी रूपमा नै विस्थापनलाई विकाससँग जोडेर हेरिने चलन पुरानो हो । विकास र विस्थापनको सवाल अझै मूलधारमा स्थापित भएको छैन । यो पनि सत्य हो तर हाम्रो सन्दर्भमा जैविक विविधता संरक्षणको सवाल, भूमिको परिभाषा गर्ने सवालले पनि विस्थापनको प्रक्रियालाई मलजल गरेको छ । यस परिच्छेद्मा जैविक विविधताको संरक्षणले निम्त्याएको विस्थापनलाई प्रस्तुत गरिएको छ र अन्तिम परिच्छेद्मा नीतिगत बहस र सिफारिस अगाडि सारिएको छ ।

सन् १९७० भन्दा अगाडिका वर्षहरु नेपालमा जैविक विविधता संरक्षणको नाराले महत्व पाएको थिएन तर २०२० सालमा अमेरिकी सहयोग नियोग (यूएसआईडी) ले गरेको एउटा अनुसन्धानले ३० वर्षपछि नेपाल मरूभूमीकरण हुने भविष्यवाणी गऱ्यो । यो पश्चिमी स्वार्थमा आधारित अध्ययन थियो । तत्कालीन राजा महेन्द्रको सिकार खेल्ने, सपरिवार जंगलमा गएर बस्ने र जंगललाई राजपरिवारको निजी स्वार्थअनुसार चलाउने इच्छा र यस अध्ययनको समिश्रणबाट नेपालमा राष्ट्रिय निकुञ्ज तथा आरक्षको स्थापना भयो । यस स्थापनाले स्थानीय जनजाति

समुदायको संकट बढाउँदै लग्यो । नेपालको अध्ययन, राजा महेन्द्रको इच्छा र विश्वव्यापी अभियान दुवै चासो निकुञ्ज आरक्षको निर्माणमा केन्द्रित थियो ।

संयुक्त राज्य अमेरिकामा सन् १८७२ मा स्थापित यलोस्टोन पार्कसँगै संरक्षित क्षेत्र वा निकुञ्जको अवधारणा विकास भएको हो । यसलाई नै सबैभन्दा पुरानो संरक्षित क्षेत्र मानिएको छ । यसपछि अमेरिकालगायत अन्य राष्ट्रमा पनि संरक्षित क्षेत्रको अवधारणा व्यवहारमा ल्याउन थालियो । यी सबै संरक्षित क्षेत्रको एउटै मान्यता थियो, प्रकृतिलाई मानिसभन्दा टाढा राख्ने र प्रकृतिलाई आफ्नै अवस्थामा मानिसको कुनै हस्तक्षेपबिना छोड्ने । यी सबै संरक्षित क्षेत्रलाई असर पर्ने ठाउँमा बसोबास गर्ने व्यक्तिलाई अन्त राखिएको थियो । तर, प्राकृतिक सौन्दर्यको दृश्यावलोकन गर्न सीमित र नियन्त्रित रूपमा मानिसलाई ती क्षेत्रभित्र जान दिइन्थ्यो । यही अवधारणाअनुसार नेपाललगायत अन्य देशमा निकुञ्ज तथा आरक्ष निर्माण गरिएको थियो । नेपालका संरक्षण नीति पनि विश्वमा चलेका यिनै संरक्षणवादी अवधारणाले प्रभावित भए । (पराजुली १९९८, मुलर-बोकर १९९९)

राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपको यस अभियानले रैथाने समुदायको जीवन र जीविकाको संकट एकैचोटि उजागार गर्‍यो । नवलपरासी, चितवनमा भूमिको संग्रह नगरेका बोटे, माझी, दराई, मुसहरजस्ता समुदायको जीविकोपार्जन खोलामा माछा मारेर वा जंगलबाट साग, सिस्नु, च्याउ, तामाजस्ता खानेकुरा संकलन गरेर चलिरहेको थियो । तर, जैविक विविधताको संरक्षणका नाममा मानवीय क्रियाकलापरहित संरक्षण क्षेत्र निर्माण गर्ने उद्देश्यले उनीहरूको जीविकोपार्जनको साधनमाथि पूर्णरूपमा निषेध भयो । परम्पराकालदेखि यिनै प्राकृतिक स्रोतमा निर्भर समुदायलाई निषेध गर्दा उनीहरु आफ्नै भूमिमा खाद्यान्नको स्रोतबाट पूर्णत वञ्चित भए ।



यसरी खोला र जंगलबाट खाद्यान्नको स्रोत संकलन गरिरहेका बोटे, माझी समुदायको अर्को पेसा थियो, विभिन्न घाटमा डुंगाबाट मानिसलाई वारि-पारि गर्नु र डुंगा तारेबापत प्रत्येक घरधुरीमा गई वार्षिक रूपमा धान संकलन गर्नु ।

**उदारहण ५ | अमरबहादुर माझीको बकपत्र**

पहिला-पहिला हामीलाई बडो मजा थियो । खोलामा गयो, माछा मार्‍यो, गाउँमा गयो, धान साटेर ल्यायो, खायो । बाहुनले जस्तो खेतीपाती पनि गर्न नपर्ने । पारिको जंगलमा गयो । साग, सिस्नु, निउरो, तामा ल्यायो खान मन लागेजति खायो, बाँकी बेच्यो । जिन्दगीमा कुनै पीरताप थिएन । जाहानबच्चा कसरी पालौं थिएन । गाउँका अरु जातिभन्दा हाम्रो जीवन सुखी थियो । घाटमा बस्यो, डुंगा तार्‍यो, गाउँका ठूलाबडाले पनि हामीलाई नमस्ते गर्थे । उनीहरूको घरमा जाँदा पनि बडो इज्जतसम्मान गर्थे, आर्कै थियो जिन्दगी । पारिको जंगल घुम्न आउने राजा, महाराजालाई पनि हामीले नै खोला तार्नु पर्दथ्यो, जंगल घुमाउन पाइन्थ्यो । यसैबेला एकपटक राजा महेन्द्रलाई लिएर घुम्न हिडैं । राजा महेन्द्रसँग बातचित भयो । सारा

गाउँले छक्क परे । राजा महेन्द्रसँग बोलेको मान्छे भनेर मेरो इज्जत कहाँ पुग्यो, कहाँ पुग्यो । राजा महेन्द्रले हाम्रो समुदायबारे सोधे, मैले बताए । राजा महेन्द्रले हामी सबैलाई जग्गा लिऊ भने । मैले हुँदैन सरकार भने । जग्गाजमिनमा हाम्रो ध्याउन्नै थिएन । मैले 'यही खोलो बरू पक्का गरी पाउँ' भने । २०१६ सालतिरको कुरा हो, राजा महेन्द्रले खोलो आजदेखि माझी समुदायको हो भनी लेखेको कागज दिए । तर पछि २०२८/०२९ सालतिर मालपोतले माझीबोटेका त्यो अधिकार खोस्यो ।

हेर्दाहेर्दै औलो उन्मूलन भयो भन्ने सुनियो । टाढा, टाढाबाट मानिसहरु बसाइ आउन थाले । एकपटक हाम्रो समुदायको मानिसहरु ०४१ सालमा माछा मार्न गएका थियौं । सेनाले हामी सबैलाई एकै ठाउँमा जम्मा पा¥यो । डुंगा फुटायो । हामीलाई पिट्यो । मारेका जति माछा खोस्यो र अन्तिममा भन्यो, यो अब राष्ट्रिय निकुञ्ज भयो । जंगल भित्र साग, सिस्नु लिन पनि नआउनु, खोलामा माछा मार्न पनि नआउनु । सैनिकले यसो भनेपछि हामी छाँगाबाट खसेजस्तो भयौं । खोला र जंगल यसरी गुम्यो । हेर्दाहेर्दै पुल बन्यो, घाटमा डुंगा तार्ने पेसा पनि समाप्त भयो । कस्तो जिन्दगी कस्तो भयो ? हामीले के बिराम गर्‍यौं र यस्तो दुःखः पायौं ? राजाले जग्गा लिएभन्दा पनि लिइएन । हाम्रो जीवनको जे आधार थियो, त्यो नै गुम्यो । नयाँ केही पाएका छैनौं ।

अहिले जहाँ गैडाकोट बजार छ, फिल्म हल र कारखाना छ, झिलिमिली छ । त्यो पहिला बोटेमाझीको मौजा थियो । औलो उन्मूलन भएपछि विस्तारै मान्छे आउन थाले पुल बन्यो । मोटर हिंड्ने बाटो बन्यो । त्यहाँबाट पनि हामी विस्थापित भयौं । आउनेहरु सुरूमा हामीसँग नरम थिए । हामी संकटमा थियौं । सहयोग पनि गरे । ऋण दिए र हाम्रो समुदायका मानिसहरूले ऋण तिर्न नसकेबापत हामीले जग्गा पास गरिदियौं । एकपटक त हाम्रा समुदायका मानिसलाई एउटा ठूलो नेता (नाम नलेखी दिनु होला) ले बलजफ्ती उठाए ।

अमरबहादुर माझीको बकपत्रका आधारमा नेपाली समाज, राज्य र बजारले कसरी आदिवासी, जनजाति रैथाने समुदायलाई विस्थापन गरिरहेको छ भन्ने मुद्दाको बहस, छलफल गर्नु आवश्यक छ । आफ्नो भूमि अर्को भूमिमा पुगेपछि मात्रै विस्थापित भएको वा गरिएको ठान्ने बुझाइनै अत्यन्तै काँचो र एकपाखे छ । आफ्नै भूमिमा भएको विस्थापनको प्रक्रिया र चरित्रलाई हाम्रो सन्दर्भमा व्याख्या गर्न जरूरी छ । खाद्यान्नका दृष्टिकोणले आत्मनिर्भर एउटा समुदाय कसरी खाद्यसंकट पर्‍यो भन्ने राम्रो उदाहरण निकुञ्ज र आरक्ष निर्माण र व्यवस्थापन नै हो । मानव क्रियाकलापरहित निकुञ्ज र आरक्षको निर्माणले खडा गरिएको विस्थापन हाम्रो सन्दर्भमा बहसको विषय बन्न सकेकै छैन । परम्परागत जीविकोपार्जनका साधनसँग आदिवासी जनजाति समुदायसँगको सम्बन्धका विभिन्न आयामबारे हामीले छलफल गर्न सकेका छैनौं ।

आधुनिकताको पश्चिमे गाडीले परम्परागत जीविकोपार्जनका साधनको प्रयोग गर्ने आदिवासी जनजातिलाई असभ्यताको पगरी गुथाइदिएको छ ।

राज्यका नीति कोप्रति ढल्कन्छ वा कसलाई न्याय गर्छ ? यो सवाल अत्यन्त महत्वपूर्ण छ । राज्यले जग्गा मालिकलाई जग्गाको धनीपुर्जा दिएर, व्यक्तिको सम्पत्तिको संरक्षण र सम्बर्द्धन गर्दै आयो । जीविकोपार्जनको सजिलो र व्यक्तिको उन्नति तथा प्रगतिको ढोका खोलिदियो तर समुदायको सामूहिक सम्पत्तिको संरक्षणमा भने राज्य ग्यारेन्टी गर्नेतिर लागेन । अझ नवलपरासीकै घटनामा त राज्यले दिएको खोलाको स्वामित्वको कागज निकुञ्ज बनाउने प्रक्रियामा निकम्मा सावित भयो । राष्ट्रिय र अन्तर्राष्ट्रिय जैविक विविधताको हावाले समुदाय सामूहिक सम्पत्तिबाट वञ्चित भयो । जग्गाको लालपुर्जा अहिलेसम्म मान्यता प्राप्त छ । तर, राज्यले कुनै न कुनै रूपमा दिएको खोलाको स्वामित्वको कागज काम लागेन । बद्लिदो राज्यका नीतिहरू कमजोर समुदायका लागि अहितकारक हुँदै गए । यसो हुनुको प्रमुख कारण राज्य केही वर्ग र समूहको कब्जामा हुनु नै हो ।

नवलपरासीकै हकमा हेर्दा प्राकृतिक स्रोतबाट पनि विस्थापित समुदाय आखिरी राजमार्ग, बस्ती, विकास र पुलको पनि सिकारमा पऱ्यो । बस्ती विकास, राजमार्ग र पुल निर्माणले यस समुदायलाई विस्थापनबाट थप विस्थापित गरायो । के त्यसो हो भने हामी हाम्रो विकासको प्रक्रियालाई जहाँको तहीँ रोक्न सक्छौं ? सक्दैनौं । बस्ती विकास हाम्रो राष्ट्रिय सन्दर्भमा प्राथमिकताकै विषय हो । भौतिक पूर्वाधार निर्माण उत्तिकै जरूरी छ । तर, यस्ता क्रियाकलापहरू अगाडि बढाउँदा अख्तियार गर्ने नीति र मान्यता के हुन् ? सार्वजनिक बहसको विषय बन्नुपर्दछ । अहिलेसम्मका घटना र यथार्थतालाई विश्लेषण गरी अर्को परिच्छेद्मा केही चर्चा गरिने छ ।

# नयाँ मुलुकमा थारूहरूको विस्थापन

अघिल्लो खण्डमा पर्यटकीय स्थल नगरकोटमा रैथाने समुदायको विस्थापनको बजार, वातावरण संरक्षण र विकासले नवलपरासीका बोटेमाझी समुदायको विस्थापनको बहुपक्षीय चर्चा गरियो । एउटा सानो घटना अध्ययनबाट तराईमा थारूहरु कसरी विस्थापन भए ? छोटो चर्चा गरिएको छ ।

नयाँ मुलुक भनेर चिनिने दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर थारूहरूको मूल थलो थियो । औलोसँग लड्दै, भिड्दै थारूहरूले यस क्षेत्रको जग्गालाई खेतीयोग्य बनाए । राणाहरूले स्थानीय जनता र आफ्नो सम्बन्ध गाँस्न अर्थात् कर उठाई आफ्नो मोजमस्ती गर्न जमिनदारी प्रथा सुरू गरे । यसको सुरूवातले यस क्षेत्रका भूमिपुत्र अर्थात् थारूहरु कसरी विस्थापित भए ? एउटा उदाहरणः



**उदारहण ६ भूमिपुत्रको विस्थापन**

जब, राणाहरूले तराईका गाउँहरूलाई मौजामा विभक्त गरी जमिनदारी प्रथा कायम गरे । मौजाको मालपोत असुल गर्न र त्यहाँ 'अमन-चैन' कायम गर्न जमिनदारको नियुक्ति गरिएको थियो । प्रत्येक जमिनदारीमा जिरायत वा शिर जमिन छुट्टै हुन्थ्यो । जमिनदारले उक्त जिरायत वा शिर जमिनको आम्दानी र उठेको मालपोतमा केही प्रतिशत (५ देखि १० प्रतिशत) सम्म खान पाउँथे । प्रत्येक जमिनदारीमा एक पटवारी र मोनो हुन्थे । जमिनदार, तालुकदार, जिम्वाल, मुखिया तथा मुलमीहरूले पटवारी अथवा थरीको सहायताले जग्गा जमिन र तिरो-भरोको रेकर्ड (स्रेस्ता) राख्नु पर्दथ्यो ।

उनीहरूको स्वीकृतिबिना अड्डा अदालतले मुद्दा मामिला हेर्दैनथे । अतः यो अधिकारबाट उनीहरूले जनतालाई शोषण गर्ने, जनताको खेतबारी दखल गर्ने, पर्ति जमिन ओगट्ने, सन्धि-सर्पन मिच्ने, वन-जंगल मास्ने, जनतालाई दण्ड-कुण्ड गर्ने, साहु आसामीलाई मिलाप गराई घूस खाने, भए/नभएको मुद्दा लगाई जनताको सम्पत्ति लुट्ने, फजुलमा करणी मुद्दा लगाई धन सोहोर्ने, जुवातास

खेलाई घरबार स्वाहा गराउने, अड्डा खानाको डोर वा दौडाहा आउँदा गाउँमा दामाशाहीलै पैसा उठाई खाने आदि कुकर्महरु गरी यी जमिनदार, तालुकदार, जिम्वाल, मुखिया, मुलमी, पटवारी, थरी तथा ठूला-ठालुहरूले प्रशस्त मात्रामा धन कमाउँथे । यसको अतिरिक्त उनीहरूलाई आ-आफ्नो कुरिया तथा रैतीहरूबाट घरधुरी पिच्चे नै वर्षको चार/पाँच पटक बेठ-बेगारी लिने अधिकार पनि थियो । उनीहरूको सम्बन्ध सरकारी कर्मचारीहरूसँग भएको हुँदा सरकारी कर्मचारीलाई शोषणबाट आफ्नो केही हिस्सा दिने गर्दथे । यसो हुनाले उनीहरु आ-आफ्नो इलाकाका हर्ताकर्ता नै थिए र निष्कन्टक रूपले शोषण गर्न पाउँथे ।

रैकर वा नम्बरी जमिनको मालिकलाई तलसिङ र निजको जग्गा कमाउने किसानलाई मोही भनिन्छ । यो चलन पहिले काठमाडौं उपत्यकामा थियो र पछि नेपालभर, तर त्यहाँ न त कुतको दर निश्चित थियो न त मोहियानी हकको सुरक्षा नै थियो । यी दुवै कुरा नहुँदा तलसिङले मनोमानी किसिमले कुत असुल गर्दथ्यो । उब्जनीको ८० देखि ९० प्रतिशतसम्म पनि कुत उठाइन्थ्यो तर खेतीको खर्च तलसिङले केही पनि बेहोर्न पर्दैनथ्यो । तराईतिर यस्तो चलनलाई हुन्डा वा बटैया भनिन्छ । यस्तो चलनले गर्दा मोहीले खेतीबाट उब्जाएको अनाजको अधिकांश भाग करिब सबैजसो तलसिङले खाने हुँदा मोहीहरु अर्धदास या भूदासका रूपमा परिणत हुन्थे । एक पुस्ताले खाएको ऋण अर्को कुनै पुस्ताले चुक्ता गर्न असमर्थ हुने हुनाले मोहीहरु पुस्तौं पुस्तासम्म भूदासका रूपमा परिणत हुँदै गएका थिए । यी चलन नेपाल राज्यमा सर्वत्र भए तापनि पश्चिम नेपालको दाङ उपत्यकामा अत्यन्त उग्ररूपमा थियो र अहिले पनि छँदैछ ।

त्यहाँको सम्पूर्ण जमिन पहाडबाट आएका सामन्तहरूको जमिनदारीका रूपमा छ । त्यहाँ सालवासी आफ्नो जमिनदारीमा किसान वा कमैया ल्याई खेती गराउने चलन छ । किसानको नाममा केही जमिन हुन्छ, तर कमैयाको नाममा जमिन हुँदैहुँदैन । प्रत्येक वर्ष माघ महिनामा किसान तथा कमैयाको पँजनी र बहाली हुन्छ । आफूले उब्जाउ गरेको फसलको अधिकांश भाग जमिनदारले लिने हुँदा उनीहरूलाई वर्षभरि कहिल्यै पनि खान पुग्दैन यस्तो अन्याय र अत्याचार खप्न नसक्दा त्यहाँका किसान या कमैयाहरु राता-रात गाउँका गाउँ नै उठी बाँके, बर्दिया, कैलाली, कञ्चनपुरतिर पुगेका हुन् । जमिनदारको स्वार्थ रक्षाका निम्ति नाकामा पुलिस तथा फौज तैनाथ गरी किसान तथा कमैयालाई पक्राउ गरी जमिनदारकहाँ बुझाइदिने चलन थियो ।

यस्तो व्यवस्थाको सबभन्दा बढी मार गरिब किसान जनता र मजदुरमा नै पर्दछ । जस्तो कि आज परिरहेको छ । आज देशमा आमरूपमा जो बेदखली भइरहेको छ-त्यो यसैको प्रमाण हो । यसरी बेदखल भएका किसानहरु यात देश छोड्न बाध्य भएका छन्, या त पुस्तौं दरपुस्तासम्म भूदासको रूपमा परिणत भइरहेका छन् । जुन किसानले तराई आवाद गर्‍यो त्यो किसानको हाल यस्तो छ ।

*स्रोतः आत्मनिर्भर केन्द्र*

## चेपाङ समुदाय र जमिनबीच बदलिदो सम्बन्ध

सरकारी तथ्यांकमा लगभग ५२ हजार जनसंख्या भनिएको चेपाङ जनजाति महासंघको सूचीकरणमा लोपोउन्मुखमा सूचीकृत भएको छ । सरकारी तथ्यांकमाथि यो समुदायले बारम्बार सार्वजनिक रूपमा असहमति प्रकट गरिरहेको छ । नेपाल चेपाङ संघ, चेपाङहरूको हकहितको वकालत गर्ने जनसंगठन हो । उसका अनुसार चेपाङहरूको जनसंख्या ७० हजारभन्दा बढी छ । चेपाङ समुदाय गोर्खा, चितवन, मकवानपुर र धादिङमा बसोबास गर्दछन् । तत्कालीन शासकले यसलाई ४ जिल्लामा विभाजन गरे पनि क्षेत्र भने एउटै छ । धेरै जंगलमा रमाउने यस समुदायको ऐतिहासिकता सांस्कृतिक सन्दर्भ हो ।

नेपाल चेपाङ संघ र सामुदायिक विकास संगठन नामक एक गैरसरकारी संस्थाले गरेको एक अध्ययनमा ८५ प्रतिशत चेपाङहरु लालपुर्जाविहीन छन् । व्यक्तिको नाममा कतै दर्ता नभएको जग्गालाई सरकारी भन्ने प्रचलनले गर्दा उनीहरु धेरै पहिलादेखि सरकारी भनिएको जग्गाबाट आफ्नो जीविकोपार्जन गरिरहेका छन् । सरकारी भनिएको जग्गालाई आफ्नो व्यक्तिगत नाममा दर्ता गराउन जरूरत ठानेनन् । उपयोग भइरहेको छ भन्ने उनीहरूको मान्यताले दर्ताका लागि उनीहरूले कुनै अग्रसरता देखाएनन् । राज्यको कठोर चरित्र पनि बुझ्न सकेनन् ।

चितवन जिल्लाको शक्तिखोर गाविस पर्यटकीय स्थल सौराहा जाने मार्गबाट करिब २० किलोमिटर उत्तरमा पर्दछ । पहाडिया गाविसका रूपमा परिचित भए पनि यस गाविसले पहाड र तराई दुवैको प्रतिनिधित्व गर्दछ । आधा भूभाग समथर छ भने आधा भूभाग पहाड । समथर जमिनमा पहिला चेपाङहरु बसोबास गर्दथे । चेपाङहरूलाई डाँडाकाँडामा रमाउने भनेर चित्रित गरिए पनि यो समथर भूभाग पनि उनीहरूको थियो । यस ठाउँमा चेपाङहरूका मौजा थिए । चेपाङहरूसँग २० बिघासम्म जमिन थियो । ५/७ बिघा जमिन भएका चेपाङहरु त धेरै थिए । यो ठाउँ नै यस गाविसको सबैभन्दा उर्भरभूमि पनि हो ।

औलो उन्मूलनपछि राजमार्ग बन्ने क्रममा यस ठाउँमा मानिस अन्तबाट बसाइ सर्न थाले । बस्नेत, अधिकारी, भट्टराई, सिलवाल थरका मानिसहरु धादिङ, गोरखा, नुवाकोटबाट आउन थाले । स-साना पसल खुल्न थाले । पसलबाट उधारो सामान चेपाङ समुदायले लैजान थाले । बाहिर मानिससँग ऋण लिन थाले । पसलबाट चुरोट, बिंडी, साबुनजस्ता सामान लैजान्थे र व्यक्तिसँगको ऋणले पनि यस्तै घरायसी व्यवहार चलाउँथे ।

**उदारहण ७ | १२ सयमा जग्गा बेच्नुपर्दा**

घोइरे चेपाङ पहिला शक्तिखोरको समथर भूभागमा बस्थे, उनीसँग २ बिघा जग्गा थियो । उनको जग्गा राम्रो पनि थियो तर लालपुर्जासहितको भने थिएन । उनले पसलबाट उधारो सामान लँादै गरे । चर्को ब्याजमा ऋण लिए । २०४१ सालतिर तैँले ऋण तिर्न सक्दैनस् भनेर उनीमाथि एक खालको दबाब पर्‍यो । र, उनले २ बिघा जग्गा बेचेर पसल र साहुको ऋण तिरेर डाँडाको टुप्पोको भीरमा घर बनाए र खोरिया खनी

आफ्नो जीवनयापन गरिरहेका छन् । उनी त्यतिबेला १ हजार २ सय रूपैयाँमा त्यो जग्गा बेच्न बाध्य थिए । अहिले त्यो जग्गाको मूल्य लगभग ३० देखि ४० लाख पर्दछ ।

शक्तिखोरमा यस्ता घटना जति खोजे पनि पाइन्छन् । शेरवान चेपाङको नाउँमा लगभग १५ बिघाको डाँडै थियो, जसलाई शेरवान डाँडा भनिन्थ्यो । मौजाको नामनै चेपाङको नामबाट राखिएको थियो । अहिले ती चेपाङहरु अहिले आफ्नो मुख्य थातथलोमा छैनन् । अन्तै कतै डाँडातिर बसोबास गरिरहेका छन् । ०४५ सालतिर शक्तिखोरमा नै मोटर पुग्यो र बचेका चेपाङहरु पनि बाहिरियाको कारणले माथि गए । चेपाङहरूले आफ्नो नाममा जग्गा बनाउने व्यक्तिगत प्रयास पनि सुरू गरेका थिए । तर, त्यो प्रयास संगठित थिएन । आफ्नो नाममा जग्गा नभएपछि एक किसिमको दिगदारी तिनीहरूमाथि धेरै पहिला सुरू भएको थियो ।

*शक्तिखोरमा चेपाङ समुदायसँग गरिएका छलफलमा आधारित ।*



## उदारहण ८ घिउ बुझाएपछि जग्गा पास

शक्तिखोर गाविसका पूर्व उपाध्यक्षको अहिले शक्तिखोर बजारनजिक १ बिघा जग्गा छ । त्यो जग्गा पहिला चेपाङको थियो । जग्गा धनी चेपाङले उक्त जग्गालाई आफ्नो नाउँमा बनाउने सानोतिनो प्रयास गरेछन् । उनको प्रयास सफल हुने सम्भावना उनले देखेनन् । सरकारी कर्मचारीले उनको प्रयासलाई उपहास गरे र उनी जग्गा बेच्न इच्छुक भए । उपाध्यक्षका बुवासामु जग्गा बेच्ने कुरा राखे । उपाध्यक्षका बुबाको जेठान छिमेकी गाविसका उपप्रधानपञ्च रहेछन् । गएर जेठानसँग सल्लाह गर्दा जग्गा किन्न आफ्नो नाममा दर्ता गर्न सकिने बताए छन् । रू १ हजारमा चेपाङसँग जग्गा लिए र घरायसी कागज गरे ।

जेठान अर्थात् छिमेकी गाविसका उपप्रधानपञ्चले जग्गाको लालपुर्जा प्राप्तिका लागि काम गर्ने लेखनदास चिनेका थिए । लेखनदासकोमा धेरैपटक धाए तर जग्गाको प्रमाणपत्र पाउन गाह्रो भयो । लेखनदासले अन्तिममा रू ७ सयको माग गरे । रू ७ सय पनि उनले दिए तर अझै प्रमाणपत्र मिलेन । अन्तिममा आधा टिन घिउ दिएपछि पास हुने बताए । रू १ हजारमा किनेको जग्गालाई ७ सय र हाप टिन घिउ बुझाएपछि मात्रै पास भयो । शक्तिखोर गाविसका पूर्वउपाध्यक्ष लेखबहादुर थापा भन्छन्- 'यस्तो अवस्थामा चेपाङले कसरी जग्गा जोगाउन सक्थे र ?'

## चुनढुंगा खानीले चेपाङलाई पारेको असर

बढ्दो सहरीकरण र औद्योगिकीकरणले राज्यले कर उठाउनका खातिर औद्योगिक विकास गर्न जब सिमेन्ट कारखाना खोल्यो, तब सिमेन्टका लागि चाहिने कच्चा पदार्थ चेपाङ बसोबास क्षेत्रमा फेला पर्‍यो । औद्योगिक विकासतर्फ पाइला चाल्नु सकारात्मक हो । यसले राष्ट्रिय अर्थतन्त्रको निर्माण र विकास गर्छ । तर, स्थानीय समुदायसँग औद्योगिकीकरणको क्रममा कस्तो सम्बन्ध राख्ने ? औद्योगिकीकरणको मार कसले र फाइदा कसले पाउने ? प्रश्न अत्यन्तै महत्वपूर्ण छ । चेपाङ समुदायले थाहै नपाईकन २०४० सालमा धादिङको जोगिमारा गाविसको तिर्क्राङ भन्ने ठाउँमा चुनढुङ्गा झिक्न थालेपछि चेपाङ समुदायमा परेको असरलाई यस अध्यायमा समेटिएको छ । उक्त स्थानमा चुनढुङ्गा झिक्ने काम चलिरहेको छ ।

**तालिका ८ चुन ढुंगा झिक्ने काम चलिरहेका स्थान**

| जिल्ला | गाविस |
|---|---|
| गोरखा | भुम्लीचोक गाविस र घ्याल्चोक गाविस |
| धादिङ | जोगिमारा गाविस |
| चितवन | शक्तिखोर गाविस, चण्डिभञ्ज्याङ गाविस |
| मकवानपुर | भैसे गाविस |

*नेपाल चेपांङ संघका तत्कालीन अध्यक्ष गोविन्दबहादुर चेपाङको प्रस्तुति*

सुरुमा हेटौंडा सिमेन्टका लागि कृषि चुन उद्योगले अर्धसरकारी हैसियतले चुनढुङ्गा निकाल्ने काम गर्‍यो । यसपछि निजी क्षेत्रको प्रवेश हुन थाल्यो । ०४६ को परिवर्तनपछि चलेको निजीकरण र उदारीकरणको प्रभावबाट चेपाङ समुदाय पनि अछुतो रहन सकेन । अहिले खानीको अवस्था यस्तो छ ।

**तालिका ९ खानीको अवस्था**

| खानी क्षेत्र | उद्योग | सञ्चालन मिति | ओगटेको क्षेत्र |
|---|---|---|---|
| घ्याल्चोक | अन्नपूर्ण क्वेरिज | २०६३ | ३ रोपनी |
| भुम्लीचोक | कृषि चुन उद्योग | २०४६ जग्गा अधिकरण | १९५ रोपनी |
| तिर्क्राङ | कृषि चुन/हेटौंडा सिमेन्ट | २०४० | ६० रोपनी |
| बेलडाँडा, जबाङ | अन्नपूर्ण क्वेरिज | २०४२ | १ वर्ग माइल |
| शक्तिखोर | स्टार लाइन | २०४७ सर्भे,<br>२०६३ सडक निर्माण | १ वर्ग किमि |
| चण्डिभञ्ज्याङ | विश्वकर्मा सिमेन्ट उद्योग | २०६२ सर्भे,<br>२०६३ जग्गा अधिकरण | |
| भैसे | हेटौंडा सिमेन्ट उद्योग | २०४२ | ११५ बिघा |

अहिलेसम्म सयौं रोपनी जमिनबाट चेपाङ समुदाय विस्थापित भइसकेका छन् । जग्गाको स्वामित्व गुमिसकेको छ । तर, यो विषय सार्वजनिक बहसको विषय बन्न सकेको छैन । नेपाली राजनीतिको यो विडम्बनापूर्ण अवस्था हो । एउटा लोपोउन्मुख जनजातिको भू-स्वामित्व गुम्दै गएको छ तर यसबारे धेरै ठूलो बहस छैन । यस्तो सवाल जनजाति आन्दोलनको मुख्य मुद्दा बन्न सक्नु पर्दथ्यो । चेपाङ संगठन र एक दुई नागरिक संगठनबाहेक अरूले यस मुद्दालाई सार्वजनिक बहसको विषय बनाउन सकेनन् ।

अहिलेको अवस्थामा खानीबाट प्रभावितको संख्या बढ्दै गएको छ । सुरुमा प्रभावित चेपाङ समुदायमात्रै रहेको थियो भने अहिले मगर, तामाङ र घलेहरु पनि थपिएका छन् । प्रभावित समुदायलाई सरसर्ती प्रत्यक्ष प्रभावित र एक दुई वर्षपछि प्रभावित हुन सक्नेलाई सम्भावित प्रभावित भनिएको छ । यस्तो वर्गीकरण समुदाय स्वयम् आफैंले गरेको हो ।

**तालिका १० खानीबाट प्रभावित समुदाय**

| स्थान | प्रत्यक्ष प्रभावित | प्रभावित/सम्भावित | जम्मा जनसंख्या |
|---|---|---|---|
| **गोरखा** | | | |
| घ्याल्चोक ६ | ६ घरधुरी ९<br>दर्शनडाँडा, इटार गाउँ ० | | २९ |
| भुम्लीचोक ८ | ३८– कौदीफाँट | थुम्का– २४३ | २८१ |
| **धादिङ** | | | |
| जोगिमारा | तिक्राङ–७३, बेलडाँडा–४६<br>(चामथली, प्रजागाउँ, घलेगाउँ) | जवाङ-२३८<br>३५७ | |
| **चितवन** | | | |
| शक्तिखोर | कोलार २२ घरधुरी ९ १४४ | उपर दाङगडी– १०६,<br>सुपरदेउराली- १२६,<br>बाङसुराङ- १२६,<br>राजवन र भिउराङ- ४६०, | ८१८ |
| चण्डिभञ्ज्याङ (वडा नं. ३, ४, ७, ८, ९) | चेपाङ (१२ घरधुरी),<br>मगर, गुरूङ- १७६ | | |
| **मकवानपुर** | | | |
| भैसे | किटिनी ३५२,<br>२५ घरधुरी तामाङ<br>विस्थापित | | ४७७ |
| | जम्मा | | १,९६२ |

*सामुदायिक विकास संगठनका सुदीप जाना र नेपाल चेपाङ संघद्वारा गरिएको संयुक्त अध्ययनमा आधारित*

१,९६२ जनाले आफ्नो परम्परागत थलो छोड्ने कुरा के सजिलो छ ? आफूले प्रयोग नगर्ने सिमेन्ट उत्पादन गर्न चेपाङ समुदायले बेर्होन पर्ने मूल्य कति न्यायोचित छ ? जस्ता प्रश्न खडा भएको छ । नयाँ नेपालको बहसको सन्दर्भमा यी प्रश्नहरूको सम्बोधन हुन सकेन भने के होला ? यस्तो परिस्थितिको सम्बोधन कसरी हुन सक्छ ? पुस्तकको अन्तिम अध्यायको नीतिगत बहसमा प्रस्तुत गरिएको छ ।

## विस्थापनको जोखिम

कोही विस्थापित भइसकेका छन् र कोही विस्थापनको जोखिम लिएर जीवन निर्वाह गर्न विवश छन् । तथ्यांकमा विस्थापन भइसकेका र विस्थापनको जोखिम बोकेकाको झलक यस्तो छः

| जिल्ला | गाविस | विस्थापित समुदाय | घरधुरी | क्षतिपूर्ति पाएको,नपाएको | कैफियत |
|---|---|---|---|---|---|
| मकवानपुर | भैसे | तामाङ | २५ | रू.४०० प्रतिरोपनीमा | |
| चितवन | शक्तिखोर | चेपाङ | ७ घरधुरी | प्रतिकठ्ठा १५ हजारका दरले | |
| चितवन | शक्तिखोर | चेपाङ | १४४घरधुरी | | तुरून्तै विस्थापित हुने सम्भावना |
| धादिङ | जोगिमारा | चेपाङ | ५ घरधुरी | प्रतिरोपनी रू ४०हजार र घरको रू.१ लाखका दरले | |
| धादिङ | जोगिमारा | चेपाङ | १३ घरधुरी | तुरून्तै विस्थापनको सम्भावना | |
| धादिङ | जोगिमारा | तामाङ | १ घरधुरी | तुरून्तै विस्थापनको सम्भावना | |
| धादिङ | बेलडाँडा | चेपाङ | ४६ घरधुरी | प्रतिरोपनी जग्गा रू ६० हजार घरको १००००० र फलफूलका बिरूवाको रू.१० हजारका दरले | |
| गोर्खा | भुम्लीचोक | चेपाङ | ३८ घरधुरी | तुरून्तै विस्थापनको सम्भावना | |
| गोर्खा | घ्याल्चोक | चेपाङ | २९ | तुरून्तै विस्थापनको सम्भावना | |

*२०६६ सालमा नेपाल चेपाङ संघले नारायणगढमा आयोजना गरेको गोष्ठीमा गरेको प्रस्तुति*

क्षतिपूर्ति दिएर विस्थापित गर्ने कुरा कति न्यायपूर्ण छ ? विस्थापनका राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक प्रभाव के हुन् ? त्यो अलग्गै बहसको विषय हुनसक्छ । अझ अन्तर्राष्ट्रिय श्रम संगठन, १६९ लाई अनुमोदन गरेको सन्दर्भमा यो अन्तरविरोध के हो ? यसको अलग्गै पाटो छ यद्यपि, क्षतिपूर्ति पाएपछि जग्गा किनेर बस्न सजिलो छैन ।

**उदारहण ९** **अझै विस्थापित**

क्षतिपूर्ति लिइसकेका चेपाङहरु अहिलेसम्म कही पनि स्थापित भएका छैनन् । जग्गा खोज्ने काम गाह्रो छ, जग्गा पाइहालेमा मूल्य मिल्दैन । जग्गा किनेका एकजना चित्र चेपाङले लालपुर्जामा लेखिएभन्दा कम जग्गा किनेका छन् । उनले किनेको जग्गामा जाने बाटो छैन । बाटो दिने सर्त थियो तर यो कुरा हाल उनी उठाउन सक्दैनन् ।

## जग्गाको स्वामित्व

चेपाङको स्वामित्वमा भएको कुल जग्गाको ८५ प्रतिशत जग्गा पर्ती तथा ऐंलानी छन् । गैरचेपाङ तथा गैरजनजाति दृष्टिकोणले हेर्दा चेपाङ समुदायले सरकारी जग्गा कब्जा गरेका छन् जस्तो देखिन्छ तर लालपुर्जा बनाउने झन्झट नअपनाईकन उनीहरूले त्यो जग्गा आफ्नै जग्गाका रूपमा प्रयोग गर्दै रहे । राज्यले निजी क्षेत्रसँग मिलेर यस्तो कठोर कदम चाल्ला भन्ने चेपाङको सभ्यता, संस्कृति र धारणाभन्दा धेरै बाहिरको कुरा हो । ऐंलनी जग्गालाई क्षतिपूर्ति दिनु नपर्ने तर्क सरकारी तथा निजी क्षेत्रको तर्क रहँदै आएको छ । उक्त तर्कले केही चेपाङहरु पूर्णरूपमा सुकुम्बासीमा रूपान्तरित हुने छन् । साना गाउँमा गरिएको अध्ययनअनुसार, चेपाङहरूको अवस्था जग्गाको स्वामित्वका हिसाबले यस्तो छः

- घ्यालचोकमा प्रभावित ६ घरधुरी चेपाङमध्ये ५ घरधुरीको कुनै नम्बरी जग्गा छैन ।
- कोलारमा ९ घरधुरी चेपाङको कुनै नम्बरी जग्गा छैन ।
- तिर्क्राङमा १ चेपाङ घरधुरीको कुनै नम्बरी जग्गा छैन भने १ चेपाङ घरधुरीको केबल आधा रोपनीमात्र नम्बरी जग्गा छ ।

अहिलेसम्म सरकारी र कम्पनीको रवैया हेर्दा नम्बरी जग्गाको मात्रै क्षतिपूर्ति दिने कुरा उठिरहेको छ तर चेपाङहरूको सवालमा उनीहरूले प्रयोग गरेको धेरै जग्गा ऐंलानी भएकाले के लालपुर्जामात्र भएको जग्गा मात्र क्षतिपूर्ति दिने कुरा न्यायोचित छ ? प्रश्न उठ्छ । यो अप्ठ्यारो गैरजनजाति दृष्टिकोण हावी हुंदा, राज्य कमजोर वर्गको पहुँचमा नहुँदा र निजी क्षेत्र नाफामुखी तथा जनउत्तरदायी नहुँदाको नतिजा हो ।

## वनमा परेको असर

हामीले भर्खरै जनजाति समुदायको भूस्वामित्वमाथि परेको ठाडो असरको चर्चा गर्‍यौं । चेपाङ क्षेत्रबाट चुनढुंगा झिक्ने क्रियाकलापले जमिनमा मात्रै होइन, वन पनि प्रभावित भएको छ र वन विनाशको गति तेज हुँदैछ । एकातिर वन जोगाउने अभियान चलिरहेको छ भने अर्कोतिर निजी क्षेत्रको संलग्नतामा निजी क्षेत्रको नाफाका लागि सहरियाको सिमेन्टको आवश्यकता पूर्ति

गर्न वन विनाश भइरहेको छ । यस क्षेत्रमा वन विनाशको स्थिति तालिका ११ मा प्रस्तुत गरिएको छ । विनाश भइसकेको वन र जोखिममा परेको वन गरी दुई वर्गीकरण प्रस्तुत गरिएको छ ।

**तालिका ११ वनमा परेको असर**

| जिल्ला | स्थान | जंगल क्षेत्रको विनाश (रोपनीमा) | जंगल क्षेत्र जोखिममा (रोपनीमा) |
|---|---|---|---|
| गोरखा | घ्यालचोक | १३० | ४०० |
| गोरखा | भुम्लीचोक | ९० | ३०० |
| धादिङ | तिर्‍याङ | २०० | ४०० |
| धादिङ | जवाङ | ५०० | १,५०० |
| चितवन | चण्डीभञ्ज्याङ | १४५ | ४५० |
| चितवन | कोलार | ६५ | ३,००० |
| चितवन | भैंसे | २७ | ४० |
| जम्मा | | १,१५७ | ६,०९० |

६,०९० रोपनी जंगल र वन्यजन्तु, चराचुरुंगी लोप हुँदा वन मन्त्रालय, वातावरण मन्त्रालय र वातावरणविद्हरूले मौनता साधेका छन् । के यो आश्चर्य होइन ?

## वनजंगल-चेपाङ सम्बन्ध

अति सीमान्तकृत जनजाति समूहमा पर्ने चेपाङ समुदाय समाज विकासका क्रममा खेतीपाती प्रणालीमा धेरैपछि प्रवेश गर्‍यो । त्यही कारणले उनीहरूको जीविकाको सांस्कृतिक सम्बन्ध वनजंगलसँग रह्यो । वनजंगललाई हेर्ने दृष्टिकोण पनि विभिन्न किसिमका छन् । एउटा किसानका लागि वनजंगल दाउरा घाँस ल्याउने ठाउँ हो भने निजी क्षेत्रका लागि व्यवसाय गर्ने ठाउँ हो । राज्यका लागि कर उठाउने ठाउँ हो भने आदिवासी जनजातिका लागि घर र खाद्यान्नको स्रोत हो । वनजंगललाई केबल रूखमात्रै मान्ने मान्यताले आदिवासी जनजाति आफ्नो घर र खाद्यान्न ल्याउने ठाउँबाट विस्थापित भएका छन् । अति सीमान्तकृत राउटे जस्ता समुदायको जंगल घर र खाद्यान्नको स्रोत दुवै हो । चेपाङ जस्तो समुदायका लागि भने जंगल घरभन्दा खाद्यान्नको स्रोत धेरै हो । चेपाङ र जंगलबीचको सम्बन्धका केही तथ्य यस्ता छन् ।

- जंगलबाट चेपाङ समुदायले २२ किसिमका खाद्य पदार्थहरु संकलन गर्दछन् (गिट्ठा, भ्याकुर, तरूल, तामा, निउरो आदि)
- जंगलबाट चेपाङ समुदायले १३ किसिमका फलफूल संकलन गर्दछन् (बेल, चिउरी इत्यादि)
- जंगलबाट चेपाङ समुदायले २६ किसिमका जडिबुटीहरु (हर्रो, बर्रो, रूदिलो, अदिलो, कुरिलो) निर्वाध रूपमा वरिपरिका जंगलबाट चेपाङहरूले यसको उपभोग गर्दछन् ।
- जग्गाको उब्जनीले धेरैजसो चेपाङको ६ महिनामात्रै खान पुग्ने हुँदा बाँकी ६ महिना निर्वाह गर्न र अनिकालको समय टार्नसमेत जंगली खाद्य पदार्थको योगदान रहेको हुन्छ ।
- शक्तिखोरको कोलारमा ५६ किसिमका चराका प्रजाति, १६ किसिमका जंगली जनावर, ६० भन्दा बढी वनस्पति, ७ किसिमका कीरा पाइने जैविक विविधताको भरिपूर्ण थलो निकट भविष्यमा नास हुँदैछ ।

वन विनाश तथा वन्यजन्तु लोप हुन सक्ने ठाउँमा खानी सञ्चालन नगर्ने खानी तथा खनिज पदार्थ ऐन २०४२ को परिच्छेद् ६ को दफा ३२ ख मा उल्लेख भए पनि यो ऐन यस क्षेत्रमा प्रभावित छैन । त्यति ठूलो मात्रामा वन विनाश हुँदैछ । सांस्कृतिक धरोहर, चिउरी लोप हुँदैछ । ५६ किसिमका चराहरूको वासस्थान भत्किँदैछ तर चुनढुंगा निकाल्ने काम बिनाबहस बढी नै रहेको छ ।



## पानीको स्रोतमा असर

- धादिङको जोगिमारा गाविसको जवाङ भन्ने ठाउँमा खानी उत्खनन क्षेत्रबाट ५० मिटरभन्दा कमको दूरीमा रहेको प्राकृतिक कुवा जोखिममा छ ।
- धादिङको जवाङ खोला खानीले गर्दा कतिपय ठाउँमा पुरिएको छ र हिलाम्य भएको छ । जसले गर्दा गंगटा, माछा, पाहा पाइन छाडेको छ ।
- गोरखाको भुम्लीचोक खानीको अवशेष त्रिशूली नदीमा फ्याकिने गर्दा नदीको सतह बढ्न गई राजमार्गसमेत प्रभावित हुन सक्ने जोखिम छ ।
- चितवनको शक्तिखोरको शक्ति खोलामाथि बाटै सडक निर्माण गरिएको छ । सडक निर्माण गर्दाको अवशेष खोलामै फ्याकिएको पाइयो ।

पानीको स्रोतमा यस्तो असर देखिए पनि खानीले ओगट्ने जग्गाको क्षेत्रफल बढ्दै जाँदा पानीको संकट भयावह हुँदै जाने अनुमान गरेर स्थानीयवासी त्रस्त छन् । भोलि कति गाउँले उपभोग गर्ने, कति पानी नष्ट हुन्छ भन्न अझै गहिरो अनुसन्धान जरूरी छ । यस अनुसन्धानले यस सवाललाई विस्तृत रूपमा समेट्न नसक्नु यस अनुसन्धानको सीमितता हो । खानी तथा खनिज पदार्थ ऐन २०४२ को परिच्छेद् ६ को दफा ३२ को ग र छ मा के उल्लेख छ भने

खानीबाट निस्कने विकारले पानी प्रदूषित हुन पाउँदैन । भूक्षय र पहिरो नजाने ठाउँ खोज्नुपर्नेछ भने पनि खोला प्रदूषित छ र पानीका मुहानहरु संकटमा परिरहेका छन् ।

अहिलेसम्म माथि चुनढुंगा झिक्ने क्रियाकलापले जल, जमिन र जंगलमाथि परेको प्रभाव विश्लेषण भयो । यसपछि मानव अधिकार हनन र अन्य विविध प्रकारका जोखिम र संकटलाई विश्लेषण गरिएको छ ।

**उदारहण १०** **चेपाङ र चिउरी**

चेपाङ क्षेत्रमा पाइने चिउरीको रुखसँग चेपाङको सांस्कृतिक सम्बन्ध छ । प्रकृतिपुजक चेपाङहरु चिउरीको रुखलाई धेरै माया गर्छन् । चिउरीको महत्वसँग जोडिएका थुप्रै चेपाङ भाषाका लोकगीतहरु छन् । चिउरीको फल र चिउरीको घिउ उनीहरुको जीवनको अभिन्न अंग हो । चिउरीको फल खाने बेला गाउँलेहरु सबै एकैपटक हँसिलो मुहारका हुन्छन् र मोटाउँछन् भन्ने थुप्रै गीत छन् । युवायुवतीहरु चिउरीकै रुखमुनि बसेर दुःख साटासाट गर्दै प्रेम गर्छन् । छोरीको विवाहमा चिउरीको रुख दाइजो दिन्छन् । २०६४ सालमा चिउरीको रुख चेपाङका नाममा दर्ता गर्ने एउटा अभियान नै सञ्चालन भएको थियो ।

(यम चेपाङसँगको वार्तामा आधारित)

## खानीले निम्त्याएको जोखिम

- धादिङ, मकवानपुरका क्रमशः जवाङ र भैसेमा खानीले गर्दा घरहरु चर्केको छ । जवाङमा ३ घर र भैसेमा ६ घर चर्केको छ । यसको कुनै क्षतिपूर्ति खानीले दिएको छैन । चर्केको घरमा वर्षायाममा बस्न जोखिमपूर्ण भएको छ ।
- जवाङ खानी : दुईजना बटुवा खानीको ढुंगा खस्दा मृत्यु, एक चेपाङ खानीमा काम गर्दा सख्त घाइते, दुईजना चेपाङ कामदारको खानीमा काम गर्दा मृत्यु
- भैसे खानी : दुईजना तामाङ कामदार ढुंगा ओसारपसार गर्दा ट्रक दुर्घटना भई मृत्यु भएको । एकजना तामाङ कामदारको ढुंगा निकाल्दा आँखामा चोट लागेर दुवै आँखा गुम्न गई अन्धो हुनुपर्‍यो । किटिनीको भञ्ज्याङ टोलमा ब्लास्टिङ हुँदा खेत खेतमै ढुंगा आउने डर पाइयो ।
- कौदीफाँट, भुम्लीचोक खानीको नजिक रहेको च्यामरी चेपाङको घर आँगनमै ब्लास्टिङ गर्दा ढुंगा खस्ने जोखिम पूर्ण अवस्था छ ।

**घरपालुवा जनावरमाथि जोखिम** : जवाङमा खानीले गर्दा दुईटा भैसी तुहिएको छ । भैसेमा ब्लास्टिङ गर्दा १२ वटा बाख्रा गुमेको छ । गोरखाको भुम्लीचोकको थुम्का गाउँमा खानीको धुलोले गाई, भैंसी तथा बाख्रामा नाम्ले रोग लाग्न थालेको स्थानीयवासीको गुनासो छ ।

**पहिरो** : तिक्राङ र किटिनी खानीका कारण पहिरो जाँदा जंगल क्षेत्र र कृषियोग्य जमिन प्रभावित भएका छन् । राजमार्ग नजिकैको डाँडामा खानीले गर्दा पहिरो जाँदा २ वटा बस दुर्घटना भएको थियो ।

## सामाजिक द्वन्द्व

यसरी यस क्षेत्रमा खानी सञ्चालन गर्दा प्राकृतिक स्रोतको विनाशमात्रै होइन । जीविका र मानव अधिकारको संकट सँगसँगै सामाजिक द्वन्द्व पनि उत्पन्न भएका छन् । खानीले गर्दा समाजमा विभिन्न प्रकृतिको द्वन्द्व ल्याएको छ । त्यस्ता द्वन्द्व खानी उद्योग र खानी प्रभावित गाउँले, स्थानीय चेपाङ र खानी उद्योगबीच, खानीपीडित चेपाङ र गैरचेपाङ समुदायबीच हुने गरेको पाइयो । खानीपीडित चेपाङ र गाविसबीच अनि पीडित र लाभ लिने चेपाङ–चेपाङबीच पनि हुने रहेछ । द्वन्द्वका विभिन्न कारण रहेको छ । जस्तैः वनजंगलको विनाश, स्थानीय जनताले गाउँको विकास र रोजगारी माग गर्दा, जग्गा अधिकरण गर्दा, घरजग्गाको क्षतिपूर्ति माग गर्दा, विस्थापनको समस्याले गर्दा, खानेपानीको स्रोतको सम्बन्धमा, बाढीपहिरोको भयले गर्दा आदि ।

## विस्थापनको नकारात्मक प्रभाव

परम्परागत जीविका र प्राकृतिक स्रोतमाथिको पहुँच र प्रयोग गुम्न जाने, प्रकृतिसँगको सम्बन्ध र निर्भरतामा भंग भई समुदायको बजारसँगको निर्भरता बढ्दै जाने कुराले समुदायलाई भोलिका दिनमा अप्ठ्यारो पर्न सक्ने सम्भावना छ । बजारिया संस्कृतिबाट टाढा रहेका एक आपसमा सहयोग र दुःखसुख साट्दै गरेका समुदायको सामाजिक सम्बन्ध लगभग विघटन हुने अवस्था उत्पन्न भएको छ । सामुदायिक सद्भाव र सामूहिकतामा विश्वास गर्ने जनजाति संस्कृति क्षतविक्षत भई व्यक्तिवादी समाज र संस्कारमा प्रवेश गर्नुपर्ने अनौठो विडम्बना उनीहरूका अगाडि छ । एकै ठाउँमा बसेका र खासगरी पहिचानसहित बसेका चेपाङ समुदायका लागि विस्थापनपछि छरिएर बस्नुपर्ने बाध्यताले पहिचान लोप हुनेमात्रै होइन, अरूको चर्को हेँला सहनुपर्ने अनुमान छ । पर्म प्रथा सम्भव नहुने, भिन्न मौसममा बस्न गाह्रो हुने, सांस्कृतिक अभ्यास, परम्परा, परम्परागत ज्ञान सीप लोप हुन सक्ने, गैरचेपाङ समुदायसँगको सामाजिक असुरक्षा, जग्गाको क्षतिपूर्ति पाउँदा पनि जग्गा पाउन गाह्रो हुने, बजारसँगको निर्भरता बढ्ने, ऋण पैँचो लिन गाह्रो हुने, राजनीतिक पार्टीहरूसँगको पहुँच घट्ने आदि सम्भावना हुन्छ ।

### अन्त्यमा,

- वन्यजन्तु तथा ठूलो वन क्षेत्रको विनाश हुँदैछ ।
- चेपाङहरूको विस्थापनको त्रासमा बाँचिरहेका छन् ।
- यदि सरकारले यस्तो ठाउँमा ढुंगा निकाल्न अनुमति दिएमा महत्वपूर्ण पर्यटकीय स्थल सौराहा पनि बाढीग्रस्थ हुनेछ र पृथ्वी राजमार्ग रहने छैन ।
- चेपाङको जीविकाको आधार पूर्णतया गुम्नेछ । साँस्कृतिक र प्राकृतिक स्रोतमाथिको अधिकारका हिसाबले यो एउटा ठूलो अन्यायपूर्ण काम हो ।
- क्षतिपूर्ति पाए पनि चेपाङले जग्गा किनी व्यवस्थित रूपमा नयाँ ठाउँमा बस्न ठूलो कठिन छ ।
- अहिलेको नियममा क्षतिपूर्ति दिनेभन्दा बढी पुनर्स्थापना र पुनर्वासको कुनै नीतिगत व्यवस्था छैन ।

# केही नीतिगत बहस

भूमिको परिभाषा एक पाखे ढंगले गरिएको छ । भूमि भनेको समथर, खन्न जोत्न मिल्ने, धान, मकै, कोदो फापर उमार्न मिल्ने ठाउँ हो भनेर स्थापित गरिएको छ । जातीय विविधताले भरिपूर्ण हाम्रो जस्तो देशमा भूमिको परिभाषा पनि विविधतायुक्त बनाउनु जरूरी छ । जीविकोपार्जनका सम्बन्धित ठाउँलाई भूमिको परिभाषाभित्र नबाँधिदिँदाको यो ठूलो समस्या हो । नवलपरासी वा यस्ता आदिवासी जनजातिको समुदायको हकमा उनीहरूको परम्परागत जीविकोपार्जनको साधन जंगल र खोलालाई भूमिको नयाँ परिभाषाभित्र राख्न जरूरी छ ।

पर्यटकीय दृष्टिकोणले जनजातिको आदिम भूमि नेपाली यथार्थतामा बढी सान्दर्भिक देखिएको छ । पर्यटन व्यवसाय सँगसँगै निजी क्षेत्रको पनि प्रवेश स्वभाविक हुने हुनाले केही थप नयाँ बहस जरूरी देखिएको छ । यदि थप बहस नगरीकन यही तरिकाले प्रक्रिया अगाडि बढ्यो भने यसले दुई खाले द्वन्द्वको सृजना गर्ने लगभग पक्का छ । पहिलो, निजी क्षेत्र र राज्यसँग स्थानीय समुदायको द्वन्द्व । दोस्रो, पहिचानसँगको द्वन्द्व, आफ्नै थलोमा आफैं बिरानो हुन परेको सवाल सोझो पहिचानको संकट हो । निजी क्षेत्रको उपस्थितिले स्थानीय समुदाय कसरी लाभ लिन सक्छन् भन्ने अहिलेको गम्भीर सवाल हो ।



## निजी क्षेत्रको सार्वजनिक उत्तरदायित्व

निजी क्षेत्र नाफामूलक भए पनि यो सार्वजनिक रूपमा उत्तरदायी क्षेत्र हो । विश्वव्यापी बद्लिदो मान्यताले निजी क्षेत्रलाई पनि सार्वजनिक उत्तरदायित्वमा बाँध्नुपर्ने मान्यता स्थापित हुँदै गएको छ । आफ्नै प्रचारप्रसारका लागि खेलकुदजस्ता कार्यक्रम राख्ने चलन सुरू भएको छ । तर यस्ता कार्यक्रमले निजी क्षेत्रको सामुदायिक सम्बन्धलाई बलियो बनाउँदैन भन्ने बुझ्नु जरूरी छ । सामाजिक हित, चाँसो र सरोकारको विषयमा आफू रहेको स्थानीय ठाउँमा निजी क्षेत्र बेसरोकार रहन मिल्छ कि मिल्दैन ? मिल्दैन भने उसको सरोकार र संलग्नता कस्तो हुनुपर्ने हो ? सार्वजनिक बहसको विषय बन्नुपर्छ ।

नगरकोटमा ४७ वटा होटलले वार्षिक आयको केही प्रतिशत रकम स्थानीय समुदायको जनजीविकाको विकासका लागि खर्च गर्ने प्रावधानको नीतिगत व्यवस्था हुन सकेको भए होटल व्यवसायी र स्थानीय समुदायको सम्बन्ध अहिलेको जस्तो तिक्ततापूर्ण हुने थिएन ।

| उदारहण ११ | फट रिसोर्टको एक्लो प्रयास |
|---|---|

फट रिसोर्ट नगरकोटको निकै पुरानो होटल हो । जनदबाबका कारणले होइन, यसले स्वतःस्फूर्त रूपमा आफ्नो कर्तव्य ठानेर गाउँमा केही योगदान गर्ने विचार गर्‍यो र गाउँलेसँग छलफल पनि गर्‍यो । गाउँलेले एक स्वरले शिक्षामा सहयोग गर्नुपर्ने प्रस्ताव गरे अहिले उसले तीनवटा विद्यालयलाई एक-एकजना अतिरिक्त शिक्षक नियुक्ति गरी तलब प्रदान गर्दै आएको छ । सीतादेवी प्राविमा हीरा गुरूङलाई तलब प्रदान गरेको छ । यसैगरी जनसेवा मावि र गडगडे निमाविमा क्रमशः सविन गुरूङ र लक्ष्मी तामाङले रिसोर्टले दिने सहयोग तलबस्वरूप बुझ्छन् । (फर्ट रिसोर्टका प्रवन्धक अनिल प्रधानसँगको कुराकानीमा आधारित)



फट रिसोर्टले गरेको यो एकल प्रयासलाई नीतिगत रूपमा संगठित गर्ने हो भने समुदायमा यस्तो प्रभावले सकारात्मक प्रयास थियो । तर यसको संरचनागत व्यवस्थापन चाहिँ जरूरी छ । संरचनागत व्यवस्थाका लागि यस्तो प्रयासका खातिर सबैभन्दा पहिला निजी क्षेत्रको स्थानीय तहमा संगठन हुनु जरूरी छ । यस्तो संगठनका उद्देश्य धेरै हुन सक्छन् तथापि, तीमध्ये एउटा उद्देश्य स्थानीय सार्वजनिक उत्तरदायित्व पनि राखिनुपर्छ । हामीले संघीयताको सन्दर्भमा विचार गर्दा स्थानीय सरकार र यस्तो व्यावसायिक छाता संगठनको सहकार्यलाई परिकल्पना गर्नुपर्छ । तर स्थानीय सरकार र व्यावसायिक संगठनले मात्रै नाफाको कति प्रतिशत रकम कस्तो प्राथमिकतामा खर्च गर्ने भन्ने कुरा व्यावहारिक नहुने हुँदा स्थानीय समुदायको निर्णायक उपस्थिति जरूरी छ । यो दृष्टिकोणबाट हेर्दा यस प्रक्रियामा निम्न लिखित सरोकारवालाहरूको सहभागिता उपयुक्त ठहर्छ ।

१. व्यावसायिक संगठन

२. स्थानीय सरकार

३. स्थानीय नागरिक वा नागरिक संगठनका प्रतिनिधि

४. राजनीतिक पार्टीका प्रतिनिधि

माथि उल्लेखित ४ थरी सरोकारवालाको संयन्त्रद्वारा स्थानीय परिवेश र सन्दर्भअनुसार विकास निर्माण, जनजीविकाको सुधार, स्थानीय उत्पादनको प्रयोग र व्यावसायिक संगठन तथा स्थानीय समुदायको द्वन्द्व निरूपण गर्न पनि यो कदम सकारात्मक हुन्छ । तर यस्तो प्रक्रिया पूर्ण सहरीकरण भइसकेको अवस्थामा अपठ्यारो र अव्यावहारिक सावित हुन सक्छ । सहरीकरण उन्मुख नगरकोटलगायतका ठाउँलाई भने यो निकै सकारात्मक हुन सक्छ ।

## निजी क्षेत्रका नीतिगत झन्झट

व्यवसायीहरूले स्थानीय सार्वजनिक उत्तरदायित्वअन्तर्गत स्थानीय तहमा काम गर्न खोज्दा कर प्रणाली निकै अव्यावहारिक र झन्झटिलो छ । यसरी सार्वजनिक विकास निर्माणका लागि खर्च गरिने रकम करमुक्त हुनुपर्ने व्यवसायीहरूको दाबी एकहदसम्म सकारात्मक छ । स्थानीय विकास निर्माणको पारदर्शीपूर्ण ढंगले कटाएर बाँकी नाफालाई करको दायरामा हाल्दा व्यवसायी उत्साहित हुने सम्भावना छ । अहिलेको वर्तमान कर नीतिले यसरी विकास निर्माणमा लगानी गरिएको रकमको कर तिर्नुपर्ने हुँदा व्यवसायीहरु निरूत्साही छन् । सामाजिक न्यायका दृष्टिले पनि यो प्रणाली अव्यावहारिक भएको व्यवसायीको ठहर छ ।

## अतिक्रमित सार्वजनिक जग्गा संरक्षणमा राज्यको दायित्व

नगरकोटको मात्रै अध्ययनमा ४ हजार रोपनी सार्वजनिक जग्गा होटलहरूले अतिक्रमण गरेको तथ्य फेला पर्‍यो । नेपालभरिको यसरी अध्ययन गर्ने हो भने निजी क्षेत्रले कति जग्गा अतिक्रमण गरेको होला ? सवाल निजी क्षेत्रको मात्रै होइन, समाजको हुनेखाने वर्गले पनि सार्वजनिक जग्गालाई अतिक्रमण गरि प्रयोग गरिरहेको छ । यसमा भरपर्दो र गहिरो थप अनुसन्धानको खाँचो छ । तर, यस्तो जग्गालाई कसरी नियमन गर्ने ? यो महत्वपूर्ण नीतिगत सवाल हो ।

यस्तो परिस्थितिलाई त्यसै छोडी दिँदा समाजको उच्च वर्ग र निजी क्षेत्रले अनुचित लाभ निरन्तर उठाइरहने भए । यस अवस्थामा राज्यले तीन ढंगले अघि बढ्न सक्छ । पहिलो, अतिक्रमित जग्गामा भौतिक पूर्वाधार वा केही बनेको छैन भने त्यस्तो जग्गा राज्यले सोझै अतिक्रमण गर्ने व्यक्तिसँग खोसी भूमिहीनलाई वितरण गर्न सक्छ । तर यस्तो सार्वजनिक जग्गा भूमिहीनले प्रयोग गरेको अवस्था छ भने उसैलाई लालपुर्जा दिँदा सामाजिक न्यायका दृष्टिले उचित हुन्छ । निजी जग्गा–जमिनसमेत भएको व्यक्तिले अतिक्रमण गरेको अवस्थामा चाहिँ सोझै ऊसँग खोसेर भूमिहीनलाई वितरण गर्ने प्रक्रिया सबैभन्दा बढी न्यायपूर्ण हुनजान्छ ।

निजी क्षेत्रले अतिक्रमण गरेर आफ्नो व्यवसायका लागि भौतिक पूर्वाधार निर्माण गरेको अवस्थामा त्यो जग्गा राज्यले खोस्न अप्ठ्यारो मात्रै नभएर अव्यावहारिक पनि हुन जान्छ । यस्तो परिस्थितिमा राज्यले दुई प्रकारले निकास दिनसक्छ । पहिलो, त्यो जग्गाको चलनचल्तीको मूल्य लिई जसले प्रयोग गरेको छ । उसैका नाममा पास गरिदिने । तर यसरी पास गरिदिएर आएको रकम केन्द्रिय रूपमा जम्मा हुन्छ । स्थानीय बासिन्दाले केही पनि लाभ पाउँदैनन् । साँच्चिकै सार्थक रूपमा यस बहसलाई अगाडि बढाउने हो भने ६० प्रतिशत रकम स्थानीय सरकारको खातामा जम्मा हुने र ४० प्रतिशत रकम केन्द्रमा जम्मा हुने प्रावधान राख्न सकिन्छ । स्थानीय सरकारमा जम्मा हुने ६० प्रतिशत रकम भने अतिक्रमण हुनुभन्दा पहिला त्यस जग्गाको प्रयोग सामूहिक रूपमा जुन रैथाने समुदायले प्रयोग गर्दै आएको थियो, उसैको जनजीविकामा सहयोग हुने खालका कार्यक्रम गरिनुपर्छ । रैथाने प्रयोगबाट वञ्चित समुदायको हितमा प्रयोग नहुने हो भने यस्तो प्रावधानले न्यायपूर्ण अवतरण गर्न सक्दैन ।

माथिका दुवै विकल्प प्रक्रिया र व्यावहारिक रूपमा झन्झट भएमा त्यस्तो सार्वजनिक जग्गालाई स्थानीय सरकारले करभित्र नियमन गर्ने प्रावधान राख्न सकिन्छ । त्यस्तो कर वार्षिक रूपमा तोकि परम्परागत रूपमा प्रयोग गरेका समुदायको जनजीविकाको सहयोगमा खर्च गर्न सकिन्छ । यस्तो तरिकाले केन्द्रीय सरकारले केही पनि लाभ पाउँदैन । केन्द्रीय सरकारले चित्त बुझाउने भनेको स्थानीय विकास निर्माण भइरहेको छ भनेर नै हो । तर, स्थानीय सरकारहरु धेरै शक्तिशाली नभएको स्थितिमा भने निजी क्षेत्रले स्थानीय सरकारलाई नटेर्न सक्छ । तसर्थ यस्तो जग्गालाई नियमन गर्न स्थानीय सरकार कानुनी र राजनीतिक इच्छाशक्तिका रूपमा सवल हुनु जरूरी छ ।

## भूउपयोग नीतिको सान्दर्भिकता

दक्षिण एसियामा भूउपयोग नीति निर्माण नगरीकन भूमिको कोरा चर्चा गर्ने सम्भवतः नेपालमात्रै थियो । राजनीतिक व्यवस्था परिवर्तन भएपछि भूउपयोग नीतिले प्राथमिकता पायो । नागरिक तहबाट भूउपयोग नीतिको कुरा उठ्न थाल्यो । भूमिसुधार तथा व्यवस्था मन्त्रालयले भूउपयोग नीति तयार गरेको छ ।

यस अध्ययनका क्रममा गरिएका तीन ठाउँ भूउपयोग नीतिको कार्यान्वयन अभावले रैथाने समुदायमा परेको मर्का माथिल्लो परिच्छेद्मा व्याख्या गरियो । नगरकोटमा जल, जंगल र जमिन रैथानेका हातबाट क्रमशः निजी क्षेत्रमा गयो । यदि भू-उपयोग नीति कार्यान्वयन गरेको भए स्थानीय र निजी क्षेत्रका बीचमा द्वनद्व उत्पन्न हुँदैनथ्यो ।

बढ्दो खाद्यसंकटको एउटा प्रमुख कारण बसाइ सराइ र अव्यवस्थित बस्ती विकास नै हो । हामीले स्वाधिन राष्ट्रिय अर्थतन्त्रको नारा त धेरै लगायौं तर स्वाधिन अर्थतन्त्रका लागि भू-उपयोग नीतिसँग प्रायः जोडिएन । हामीलाई चाहिने खाद्यान्न कति हो ? तरकारी कति हो ? माछामासु कति हो ? दूधजन्य पदार्थ कति हो ? हाम्रो उत्पादन कति हो ? र कति बाहिरबाट आउँछ ? जस्ता सवाल विश्लेषण नगरीकन हामी अगाडि बढिरहेका छौं । बाहिरबाट आउने खाद्य पदार्थ प्रतिस्थापन गर्न हामीले कुन क्षेत्रमा के उत्पादन गर्ने हो ? भन्ने कुरा कहिल्यै सोचेनौं र सार्वजनिक बहस पनि गरेनौं ।

खाद्यान्नको मात्रै कुरा होइन, हाम्रो पर्यटक क्षेत्र कुन कुन हुन् ? पर्यटन व्यवसायबाट स्थानीय समुदायले कसरी लाभ लिन सक्छन् ? छलफल नै गरेनौं । निजी क्षेत्रले एकलौटी निर्णय गर्दैआएको छ र रैथानेहरु बाहिर पर्दै आएका छन् । यदि हामीसँग भू-उपयोग नीति लागु भइसकेको भए, पर्यटन व्यवसायका लागि चाहिने प्राकृतिक स्रोत भएको र स्थानीय रैथानेहरु बहिष्करणमा पनि नपर्ने उपाय अवलम्बन गर्न सकिन्थ्यो । पर्यटन व्यवसायका लागि निजी क्षेत्र जानेबित्तिकै स्रोतको बाँडफाँड हुन सक्दथ्यो । रैथानेहरूले प्रयोग नगर्ने पानी भएको ठाउँमा यस्तो व्यवसाय अगाडि बढाउन सकिन्थ्यो । राज्यले नै सार्वजनिक जग्गा मूल्यमा आधारित भएर उपलब्ध गराउन सक्थ्यो । अहिलेको यो सबै अप्ठ्यारो भूउपयोग नीतिको अभावको उपज हो ।

अहिले भूउपयोग नीतिको कार्यान्वयन अभावले खाद्यसंकट र निजी क्षेत्रको बढ्दो हस्तक्षेप भएको मात्रै होइन, कहाँ खाद्य पदार्थका लागि उपयुक्त क्षेत्र बनाउने ? कहाँ कहाँ औद्योगिक क्षेत्र बनाउने ? अझ औद्योगिक क्षेत्रभित्र पनि दूधजन्य पदार्थको उद्योग कहाँ खोल्ने ? कहाँ सिमेन्ट उद्योग खोल्ने ? कहाँ रक्सी कारखाना राख्ने ? यसको नक्सांकन नै छैन । न गहिरो र रचनात्मक बहस छ । यस्तो प्रक्रियाले यो गाडी केही वर्ष अगाडि बढ्यो भने पनि हाम्रा लागि खतरनाक हुनेछ ।

खाद्यान्नको दृष्टिकोणले मात्रै हेर्ने हो भने पनि हाम्रो उत्पादन क्षमता कमजोर हुनुमा ठाउँअनुसारको खेतिबाली नहुनु र निर्वाहमुखी पद्धति मूल कारण हुन् । जहाँ खेती हुन्छ, त्यहाँ सहरीकरण गर्ने प्रक्रिया बढेको छ । यसका लागि सबैभन्दा बुझिने गरी व्याख्या गर्न सकिने चितवन नै हो । खाद्यान्नको भण्डार भनिएको चितवन अहिले घर र घडेरीले ढाँकी सक्यो । जग्गामा निजी क्षेत्रको बढ्दो चासो र हस्तक्षेपले खाद्यान्न उत्पादन हुने ठाउँहरु बस्ती विकासका लागि योग्य ठहरिएका छन् । जहाँ जे हुन्छ त्यो नलगाएर अरु नै लगाउनुपर्ने बाध्यता छ । भरपर्दो अनुसन्धान त छैन यद्यपि, हिमाली भेगको आलुले नेपाललाई ठूलै योगदान गर्न सक्छ तर आलु हुने ठाउँमा मिलिहालेको खण्डमा अरु नै रोप्ने प्रचलन बढ्दैछ ।



## प्राकृतिक स्रोतको व्यवस्थापन

रैथाने समुदाय र भूमिको सम्बन्धलाई विश्लेषण गर्दा भूमिको परिभाषामा नै पुनर्विचार गर्नुपर्ने भएको छ । भूमि भनेर जुन विश्लेषण अहिले एकोहोरो रुपमा गरिएको छ । आर्थिक उत्पादनका साधनका रुपमा स्थापित र नागरिक तहबाट जीविकोपार्जनको साधन भनेर जुन विश्लेषण गरिएको छ, यस्तो मान्यता र दृष्टिकोणबाट भूमिलाई पुनःपरिभाषित गर्नुपर्ने अवस्थामा हामी आइपुगेका छौं । जल, जमिन, जंगलको प्रयोग वा व्यवस्थापन गर्दा सबैभन्दा पहिले परम्परागत सम्बन्धलाई सूचीकरण गर्नु जरुरी छ । जस्तो, नेपाली सन्दर्भमा कथित रुपमा दलित भनिएको वादी समुदायको खोलामा माछा मार्ने पेसालाई सुरक्षित राखेर नदीको उपयोग गर्ने कुरा प्राथमिकतामा रहनु पर्‍यो । परम्परागत जीविकोपार्जनको सवाल जनजातिको सम्बन्धमा बढ्ता छलफल र बहसको विषय बनेको छ । दलित समुदायको अग्राधिकार वा परम्परागत सम्बन्धको छलफल पनि उत्तिकै जरुरी छ । अहिलेको एकोहोरो बहसले प्राकृतिक स्रोतसँग दलित भनिएको समुदायको कुनै सम्बन्ध नै थिएन, जसरी व्याख्या विश्लेषण गरिरहेको छ । यसले दलित समुदायलाई न्याय गर्न सक्दैन ।

यसरी परम्परागत सम्बन्धलाई व्याख्या गर्दा जंगलसँगको दलित र जनजातिको, जलसँग दलित र जनजातिको सम्बन्ध र अधिकारलाई सुरक्षित राखिसकेपछि मात्रै अन्य प्रयोगका लागि अवसर खुला गर्नुपर्छ । अहिलेको हाम्रो सार्वजनिक बहस अग्राधिकार भन्ने शब्दले नेतृत्व गरेको तर अग्राधिकारको वास्तविक र व्यावहारिक स्वरुपबारे छलफल भएको छैन । अग्राधिकारलाई परिभाषित गर्दा सबभन्दा पहिला स्थानीय समुदायको परम्परागत र व्यावहारिक प्रयोगको स्वामित्वलाई जनाउँछ । त्यसपछि बाँकी रहेको स्रोत अन्य समुदायले प्रयोग गर्न सक्छन् ।

तर, त्यस्तो बाँकी रहेको स्रोत निजी क्षेत्रले व्यापारिक प्रयोजनका लागि गरेको छ भने स्थानीय समुदायको जनजीविकाको उत्थानका लागि खास रकम भने छुट्याइनु पर्दछ ।

यस्तो परम्परागत सम्बन्धलाई अन्तर्राष्टिय श्रम संगठन (आईएलओ १६९) को धारा २३ ले गतिविधिहरु यसरी व्याख्या गर्दछः *हस्तकला, ग्रामीण र समुदायमा आधारित उद्योगहरु, जीविकोपार्जन अर्थतन्त्र र यी समुदायका जनताको परम्परागत क्रियाकलापहरु, जस्तै : सिकार खेल्नु, माछा मार्नु, पासो थाप्नुजस्ता संस्कृति र आर्थिक आत्मनिर्भरता एवं विकास कायम राख्ने एउटा रुपमा महत्वपूर्ण मानिने छन् । सरकारले यी आदिवासी जनजातिको सहभागितामा सम्भव भएसम्म यस्ता समुदायका ती गतिविधिहरुलाई बलियो बनाउन प्रवर्द्धन गर्न सहयोग पुऱ्याउनेछ ।*

अहिले एकातिर पीर र अर्कोतिर निम्छरो स्वरमा प्राकृतिक स्रोत साधन जनजातिको एकोहोरो आधिपत्य हुने भयो भन्ने बहस उठ्न लागेको छ । आदिवासी जनजातिहरु प्राकृतिक स्रोतमाथि आफ्नो अधिकार स्थापित नभएकामा द्वन्द्वरत छन् । अर्को द्वन्द्व सबै स्रोत आदिवासी जनजातिको हुन लाग्यो भनेर उठ्न लागेको छ । तर यस्तो द्वन्द्वलाई आईएलओको धारा १४ ले स्पष्ट गरेको छ ।



### धारा १४

*यी समुदायका जनताले परम्परागत रुपमै ओगट्दै आएको भूमिमाथि तिनीहरुले गरेको कब्जा र स्वामित्वको अधिकारलाई मान्यता दिइनेछ । यसका साथै तिनीहरुले एकलौटी रुपमा नओगटेका तर आफ्नो जीविकोपार्जनका लागि उपभोग गरेका र परम्परागत गतिविधिहरु गर्ने गरेको भूमिमाथि उनीहरुको अधिकारको रक्षा गर्न आवश्यक पर्दा उचित कदमहरु चालिने छ । यस सन्दर्भमा फिरन्ते समुदाय र कृषकहरुका अवस्थामा विशेष ध्यान दिइनेछ ।*

माथि धारा १४ ले के प्रष्ट पारेको छ भने, कुनै प्राकृतिक स्रोत आदिवासीको मात्रै प्रयोग र कब्जामा छ भने त्यस्तो अवस्थामा एकल अधिकारलाई मान्यता दिइनेछ । अन्यथा त्यो प्राकृतिक स्रोत सबैको हुनेछ तर उनीहरुको परम्परागत जीविकोपार्जनको अधिकारचाहिँ छेकिने छैन । आदिवासीको मात्रै नभएर गैरआदिवासीको पनि परम्परागत जीविकोपार्जनको सम्बन्ध उक्त स्रोतमाथि छ भने सबैका परम्परागत अधिकार उक्त स्रोतमाथि स्थापित गर्दा द्वन्द्व गर्नुपर्ने परिस्थिति नै आउँदैन ।

## विस्थापन र क्षतिपूर्तिको सवाल

सकेसम्म औद्योगिकीकरण, भौतिक पूर्वाधार विकासका लागि समुदायको विस्थापन गर्ने कुरा अहितकर भएको माथिल्लो परिच्छेद्मा व्याख्या गरियो । विस्थापन नै गर्न परेको खण्डमा अपनाउन पर्ने प्रक्रिया र समुदायसँगको संलग्नतासमेत चर्चा गरियो । तर हाम्रो सन्दर्भमा एउटा ठूलो अप्ठ्यारो के रह्यो भने, बहुसंख्यक आदिवासी जनजातिको राज्यसँगको पहुँचको अभाव, कर्मचारीतन्त्रको काम गर्ने प्रक्रिया र सांस्कृतिक रुपले लामो समयदेखि खेतीपाती र

प्रयोग गर्दै आए पनि उक्त जग्गाको लालपुर्जा हात नपरेको तथ्य हाम्रासामु छ । के र कस्का कमजोरीले उनीहरु लालपुर्जाविहीन हुन पुगे ? यसमा विभिन्न दृष्टिकोणबाट तर्क गर्न सकिएला तर आदिवासी जनजाति बसोवास गरेको क्षेत्र राज्यका लागि वा निजीक्षेत्रका लागि महत्वपूर्ण रह्यो र प्रक्रिया पु¥याएर अधिग्रहण गर्न परेको खण्डमा परम्परादेखि प्रयोग गर्दै आएको जग्गाको पनि जमिनको पनि क्षतिपूर्ति व्यवस्था हुन जरूरी छ । अन्यथा सांस्कृतिक रूपमा जग्गाधनी पुर्जाबाट वञ्चित समुदायलाई न्याय हुन सक्दैन ।

## खनिज तथा अन्य स्रोतको उत्खनन

अन्य धेरै देशमा जस्तै नेपालमा पनि खानी तथा स्रोतहरूको स्वामित्व संविधानले सरकारलाई प्रदान गरेको छ । नेपालमा कानुनी व्यवस्थाअनुसार खानीको स्वामित्व सरकारमा छ । यसरी खानीको क्षेत्रमा त्यस क्षेत्रको खनिज पदार्थ झिक्न त्यहाँ बसोबास गर्ने समुदायलाई विस्थापित गर्ने वैधानिक अधिकार लिएर राज्य बसेको छ । तर, आईएलओ १६९ को धारा १५.२ ले त्यस्तो खनिज उत्खनन गर्नुपर्दा आदिवासी जनजातिलाई सोधिनुपर्ने प्रावधानको व्यवस्था छ ।

**उदारहण १२ | आईएलओ १६९, धारा १५.२**

(यस्तो मामिलामा जहाँ भूमिमा उपलब्ध खनिज पदार्थ वा अन्य भूमिगत संशाधनको स्वामित्व राज्यसँग रहन्छ भने सरकारले यस्तो भूमिगत खनिज स्रोत तथा साधनको अन्वेषण तथा उपयोग कार्य सुरू गर्न/गराउन प्रक्रियाको स्थापना गर्नेछ या यस्तो कायम राख्नेछ । जसद्वारा सरोकारवाला जनसमुदायसँग राय मस्यौदा गरी उनको हितबिना भेद्भाव समुचित रक्षा हुन सकोस् । जहाँ सम्भव हुन्छ त्यहाँ सम्बन्धित निवासीको यस्तो गतिविधिबाट लाभ लिनका लागि सहभागी बन्न सकून् साथै यस्तो क्रियाकलापबाट हुने क्षतिको उचित क्षतिपूर्ति प्राप्त गर्न सकून्)

आदिवासी जनजातिहरूको जग्गाबाट यदि खनिज पदार्थ र अन्य स्रोतहरु कुनै कम्पनीले उत्खनन गर्न खोज्यो भने के हुनुपर्छ ? यस प्रश्नमा पनि छलफल गर्न जरूरी छ । पहिलो परामर्शको सिद्धान्तलाई निम्नअनुसार बढ्नुपर्ने देखिन्छ ।

## परामर्श सिद्धान्त

प्राकृतिक स्रोत तथा खनिज पदार्थ प्रायःजसो अवस्थामा सरकारको विशेष अधिकार रहन्छ । यदि सरकारले कुनै कम्पनीलाई त्यस्तो स्रोत तथा खनिज पदार्थको उत्खननको जिम्मा दिएको

रहेछ वा बेचेको रहेछ भने महासन्धिका सिद्धान्तहरु लागू भएका छन् कि छैनन् भनेर हेर्ने सरकारको प्राथमिक दायित्व हुनेछ । त्यसकारण त्यस्तो परामर्श खनिज पदार्थ तथा प्राकृतिक स्रोतको उत्खननपूर्व गरिनुपर्दछ ।

परामर्शको समयमा सम्बन्धित आदिवासी जनजाति समुदायका आफ्ना सरोकारका मुद्दाहरु व्यक्त गर्न समर्थवान हुन सक्नुपर्दछ ।

यदि आदिवासी जनजाति आफू बसेको भूमिमा कुनै पनि किसिमको प्राकृतिक खनिज वा स्रोतको उत्खनन चाहन्नन् भने उनीहरूले स्पष्ट रुपमा किन त्यो कार्य हुन सकेन भनेर कारण दिन सक्नुपर्दछ । जस्तो, उक्त कार्यले वातावरणीय क्षति, प्रदूषणमा वृद्धि, स्वास्थ्यमा प्रतिकूल असर र आर्थिक जीवनयापनमा प्रभाव पर्ने भएर उनीहरु विरोध गरिरहेका छन् बुझ्नु आवश्यक छ ।

नेपाल सरकारले झन्डै २ वर्षअघि आईएलओ १६९ लाई संसद्बाट अनुमोदन गरे पनि तदअनुरुपका कानुन निर्माण गर्ने कुरामा अग्रसरता देखाएको छैन । प्राकृतिक स्रोतसँग सम्बन्धित भएका धेरै कानुन आईएलओ १६९ को अन्तरविरोधमा छन् । आईएलओ १६९ लाई अनुमोदन गर्ने र कानुनहरु तदअनुसार संशोधन नगर्ने अनौठो चरित्रमा हाम्रा सरकार हिंडिरहेका छन् । अझ अहिले संविधान निर्माण र राज्य पुनर्संरचनाको बहसको बेला यस्ता सवाल जोडिनुपर्छ ।



## विस्थापनको सवालमा नीतिगत बहस

विकासका नाममा आदिवासी, जनजाति र स्थानीय समुदाय विस्थापित हुने क्रम निरन्तर चलिरहेको छ । यो समस्या प्रायः खानी, सडक, जलविद्युत्, बाँधजस्ता विकासका ढाँचाबाट सिर्जित हुन्छ । नेपालको सन्दर्भमा राष्ट्रिय निकुञ्जबाट त्यहाँ बसोबास गर्ने थारु, चेपाङ, बोटेहरु पूर्वस्वीकृतिबिना हटाइएका छन् । यसलाई आईएलओ १६९ को धारा १६.१ र १६.२ ले यसरी व्याख्या गरेको छ ।

*धारा १६.१ यस धाराको निम्नलिखित परिच्छेद्हरुका आधारमा सम्बन्धित समुदायहरु जो आफ्नो भूमिमा बसोबास गरिरहेका छन् उनीहरूलाई आफ्नो भूमिबाट हटाइने छैन ।*

*धारा १६.२ आफ्नो भूमिमा बसोबास गर्ने समुदायलाई त्यहाँबाट विस्थापित गर्नैपर्ने असाधारण अवस्थामा उनीहरूको पुनर्वास गर्दा उनीहरूको स्वतन्त्र तथा पूर्वसूचित स्वीकृति/अनुमति लिएरमात्र उनीहरूले दिने सहमतिका आधारमा पुनर्वासको व्यवस्था गरिने छ । जहाँ उनीहरूको सहमति प्राप्त हुन्न, त्यस्तो अवस्थामा राष्ट्रिय कानुन तथा नियमबाट स्थापित उपयुक्त प्रक्रियाहरुमार्फत जहाँ सम्भव हुन्छ त्यहाँ सरोकारवालाहरुको प्रभावकारी एवं प्रतिनिधिमूलक उपस्थितिमा सार्वजनिक सोधखोज गरेरमात्र पुनर्वास गरिनेछ ।*

स्वतन्त्र र पूर्वसूचित स्वीकृतिबिना हटाउन हुँदैन भन्ने विषयलाई नेपालको सन्दर्भमा यसरी विश्लेषण गर्न सकिन्छ ।

आदिवासी जनजाति समुदायहरूले विस्थापित हुनुपर्ने र त्यसपछि उत्पन्न परिस्थितिको अर्थ र परिणाम पूर्णरूपले बुझे, जाने र स्वीकार गरी सहमति व्यक्त गरे भन्ने हो । यदि आदिवासी जनजाति सहमत भएनन् भने महासन्धिले पुर्स्थापनका निम्न कार्यविधि अपनाउनुपर्ने कुरामा जोड दिन्छ ।

## सार्वजनिक सुनुवाइ

आदिवासी जनजाति समुदायलाई उपयुक्त माध्यमद्वारा उनीहरूको सरोकार व्यक्त गर्ने अवसर हुनुपर्छ । यो माध्यम भनेको सार्वजनिक सुनुवाइ वा छानबिन प्रक्रिया हुन सक्छ । तर, समस्याको प्रकृति हेरी समाधानका अन्य उपाय पनि हुनसक्छन् ।

## फिर्ता पाउने अधिकार

आफ्नो भूमि त्याग्ने कारण शून्य भएको खण्डमा आदिवासी जनजाति समुदायलाई उनीहरूको भूमि फिर्ता पाउने अधिकारसमेत हुनेछ । साधारणतया कुनै पनि समुदायलाई युद्धपश्चात् वा प्राकृतिक दैवीप्रकोपपछि आफ्नो गृहभूमिमा फर्कने अधिकार हुन्छ ।



## पुनर्वासको व्यवस्था

यदि आदिवासी जनजाति समुदायहरू आफ्नो पुराने भूमिमा फर्क सक्ने अवस्था छैन भने विस्थापित जनसंख्यालाई पुनर्वासको व्यवस्था मिलाइनुपर्दछ ।

## समान गुणको भूमिको व्यवस्था

जब आदिवासी जनजाति समुदायलाई पुनर्वासको व्यवस्था गरिन्छ, उनीहरूलाई समानखालको भूमि वितरण गरिनेछ र पहिलेजस्तो समान किसिमको कानुनी भूमि स्वामित्वको अधिकार दिइनेछ । यदि कुनै व्यक्तिले आफ्नो भूमि गुमाउँदा कृषि भूमि थियो भने अब उसलाई त्यही प्रकारको भूमि दिइनुपर्दछ । यदि आदिवासी जनजातिको चाहना हुन्छ भने अन्य प्रकारको भुक्तानी पनि दिन सकिन्छ ।

## क्षतिपूर्ति

पुनर्वासका कारण आदिवासी जनजातिलाई आफूले गुमाएको वा त्यसबाट चोट पुऱ्याएको पूर्ण क्षतिपूर्ति प्राप्त गर्ने अधिकार रहन्छ । उदाहरणका लागि सम्पत्ति वा घर गुमाउनु, हावापानी परिवर्तनका कारण स्वास्थ्यमा नकारात्मक प्रभाव पर्नु आदि । यदि कुनै प्रकारको क्षतिपूर्ति दिन आवश्यक भयो भने सरोकारवालाको अर्थपूर्ण सहभागितामा पारदर्शी एवं सहभागितात्मक तवरले दिइनुपर्दछ ।

## सामुदायिक बहस मञ्च

यस अध्ययनको क्रममा मात्रै नभएर नेपालको समग्र आदिवासी, जनजाति, भूस्वामित्वको स्थान्तरण सस्तोमा बेच्ने देखियो । थारूहरू समग्र तराईमा भूमिपति थिए तर अहिले उनीहरू सामाजिक, राजनीतिक, आर्थिक र विकासका कारणले छेउ लगाइएका छन् । यस अध्ययनका क्रममा दुवै ठाउँमा एउटा साझा तथ्य के फेला पर्‍यो भने सस्तोमा जग्गा बेचेर भूस्वामित्व गिर्दैछ । नगरकोट र शक्तिखोरबाट क्रमशः तामाङ र चेपाङ विस्थापित हुनुपर्ने कारण पनि धेरैमध्ये एउटा सस्तोमा जग्गा बेच्नु रह्यो । जग्गा बेच्ने प्रक्रियालाई बढ्ता पारदर्शी बनाउन उपयुक्त हुने जस्तो देखियो । जग्गा बेच्ने कुरा व्यक्तिको सरोकारबाट सामुदायिक सरोकारमा परिणत गर्नु पर्‍यो ।

अहिलेको मानव अधिकारले व्यक्तिगत स्वतन्त्रताको कुरालाई बढ्दा महत्व दिन्छ । तर, यसको सीमितता के रह्यो भने व्यक्तिगत स्वतन्त्राले मात्रै कमजोर समुदायको सम्पत्तिको रक्षा नहुने भयो । यस्तो परिस्थितिमा सामुदायिक सरोकार बढाउनु विकल्प देखिएको छ । कुनै एक रैथानेले व्यक्तिले जग्गा बेच्न खोजेको खण्डमा त्यसलाई सामुदायिक छलफलमा प्रस्तुत गर्ने र त्यस छलफलमा समुदाय र स्थानीय सरकारको उपस्थिति गर्नुपर्ने कुरा धेरै व्यावहारिक ठहर्छ । त्यस छलफलले जग्गा बेच्ने अनुमति दिएपछि मात्रै जग्गा बिक्रीका लागि स्थानीय निकायले सिफारिस गर्दछ । मानव अधिकार कटौती नहुने गरी यसलाई हाम्रा सन्दर्भमा परिभाषित गर्नु जरूरी छ ।



यस अध्ययनका क्रममा ऋण र ब्याजबाट रैथानेहरू विस्थापन भएको मनग्य तथ्य उजागार भए । विस्थापनका धेरै कारणमध्येको अत्यन्तै ठूलो कारण ऋण र ब्याज रह्यो तर यसमा राज्यको भूमिका खासै देखिएन । बरू धेरै पहिला मुलुकी ऐनले १० प्रतिशतभन्दा धेरै ब्याज लिन नपाइने कुरा स्थापित गरेको थियो तर अहिलेको सन्दर्भमा नयाँ नियम आएका छैनन् । फेरि यस्तो पक्षको सीमितता के हो भने यस्ता क्रियाकलाप नियम कानुनको परिधिभन्दा धेरै भूमिगत तहबाट सञ्चालित हुन्छन् ।

स्थानीय शक्ति सम्बन्धले सबै कुरा निर्धारण गर्छ तर पनि स्थानीय सरकारले आफ्नो सन्दर्भमा बढीमा यतिसम्म मात्रै ब्याज लिन पाइने भनेर नियमन गर्न जरूरी छ । किनभने आधुनिक राज्यमा कही न कहीबाट नियमन हुनु नै पर्‍यो । स्थानीय सरकारको निर्णयलाई शक्तिवालाहरूले अवज्ञा गरेमा सामुदायिक बहस मञ्चमा यस विषयलाई छलफलको विषय बनाउनु पर्‍यो । यस्तो हुन सकेको खण्डमा कमजोर वर्गको सशक्तीकरण धेरै बढेर जान्छ र ऋण ब्याज व्यक्तिगत सरोकारबाट सामुदायिक सरोकारमा स्थान्तरित हुन्छ । बरू यस्तो मञ्च बनाउने र छलफल चलाउने क्रम स्थानीय सरकारले नागरिक संगठनहरू परिचालन गर्दा श्रेयस्कर हुन्छ ।

## सङ्घीयता : सामुदायिक अधिकार र नागरिक सर्वोच्चता

सङ्घीयताको बहसमा सामुदायिक अधिकारले धेरै प्राथमिकता पाएको छैन तर नागरिकको सर्वोच्चतालाई कायम गर्ने मुख्य अधिकार यही हो । निश्चित कुराको व्यवस्थापनका लागि त्योसँग प्रत्यक्ष सम्बन्ध भएका घरधुरीलाई सामुदायिक अधिकारको व्यवस्थापन जरूरी छ । सामुदायिक अधिकार नेपालको वन व्यवस्थापनको पद्धतिमा त अहिले नै व्यवस्थित छ तर समाजलाई विश्लेषण गर्ने हो भने, सिंचाइ, पोखरी, सार्वजनिक जमिन आदि समुदायद्वारा नै व्यवस्थापन हुँदै आएका छन् ।

सामुदायिक अधिकार स्थानीय निकायभन्दा पनि तल जनस्तरमा क्रियाशील हुने भएकाले यसले स्थानीय लोकतन्त्रलाई पनि मजबुत बनाउँछ । समुदायभित्र सामाजिकीकरणको एउटा सूत्र यसले विकास गर्छ । एकै ठाउँमा बसी छलफल बहसबाट उपयुक्त निर्णय लिनुपर्ने हुँदा यसले समाजभित्रका वर्गीय, जातीय, लैङ्गिक, भाषिक, सांस्कृतिक अन्तरविरोधलाई पनि सम्बोधन गर्न सक्छ । यस अर्थमा यस अधिकारले प्राकृतिक स्रोत व्यवस्थापन मुद्दामात्रैलाई नसमेटेर सामाजिक विभेद्लाई पनि न्यूनीकरणको दिशामा लैजान सघाउ पुराउँछ ।  अधिकार सँगसँगै समुदायमा उत्पन्न हुने सक्रियताले दिगो स्रोत संरक्षण र व्यवस्थापनमा यस्तो पद्धतिको भूमिका अत्यन्तै शक्तिशाली हुनुको पछाडि स्थानीय समुदायको आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक सम्बन्ध यस्तै स्रोतहरूसँग जेलिएको हुन्छ । तत्कालीन व्यवसायका लागि भन्दा पनि समुदायले भविष्यका लागि हेर्न सक्छ ।

सरकारी झन्झटभन्दा बाहिरबाट समुदायले परम्परागत ज्ञानलाई उपयोग गरी व्यवस्थापन गर्न सक्दछन् । समुदायले आवश्यकता महसुस गरेमा राज्य वा विज्ञ समूहबाट सहजीकरण पनि हुनसक्छ तर हस्तक्षेपका रूपमा होइन, समुदायको मागमा आधारित सहयोगका आधारमा । यस्तो अधिकारलाई राम्रोसँग क्रियाशील गराउन सकियो भने स्थानीय समुदायको खाद्य सुरक्षामा पनि स्थानीय सिमसार, पोखरी, सार्वजनिक जग्गा, ससाना खोला र वनलाई जोडेर जीविकोपार्जनमा योगदान हुन सक्छ । यस्तो अधिकार र उपयुक्त व्यवस्थापन पद्धतिले समुदायको आर्थिक, सामाजिक हैसियतलाई माथि उठाउन धेरै मद्दत गर्नसक्छ । सामाजिक समावेशीकरणको मुद्दाले सजिलैसँग सम्बोधन पाउन सक्ने पद्धतिका रूपमा यसलाई लिन सकिन्छ । स्थानीय वा प्रदेश सरकारमा दलित, महिला, जनजाति, गरिब, मुस्लिम, अल्पसंख्यकको सहभागिताको जुन कठिन स्थिति छ त्योभन्दा धेरै सजिलोसँग यस पद्धतिमा सम्बोधन गर्न सकिन्छ । यसले गर्दा माथिल्ला सरकारका सहभागिताका लागि ढोका खुल्दै जान्छ ।

तर एउटा कटुसत्य के हो भने, अधिकारहरू जति तल्लो तहमा व्यवस्थापन गर्दा पनि समुदायकै बीचबाट एउटा स्थानीय र सानो सरकारको निर्माण त भइहाल्दो रहेछ । संसारको विकेन्द्रीकरणबाट यही देखिएको छ । समुदायमा पनि विभिन्न वर्गीय, जातीय, भाषिक, लैङ्गिक खाडल छन् । स्वार्थ, इच्छा, आकांक्षा बेग्लाबेग्लै छन् । धेरै हदसम्म वर्ग, जात, लिङ्ग र जातहरूले विकास र प्राथमिकताको चयन गर्दछ । नेपालको सामुदायिक वन विकास अभियानले

यो कुरालाई देखाएको छ । सामुदायिक वन सबैभन्दा राम्रो कार्यक्रम भने पनि समावेशी सवाल, निर्णय प्रक्रियाको सवाल, आयआर्जन खर्चको प्राथमिकीकरण समाजमा हुनेखाने वर्गकै हातमा छ । यद्यपि सामुदायिक वन अभियानले गरेको योगदानलाई इन्कार गर्न सकिँदैन ।

यस अर्थमा समुदायमा अधिकार पुऱ्याउनेबित्तिकै सबै समुदायका व्यक्तिले अधिकारको उपयोग गर्न सक्छन् भन्ने मान्यता नै भ्रमपूर्ण छ । समुदाय भन्नेबित्तिकै एउटै डल्लो बुझ्ने परिपाटीले समुदायभित्रका अन्तरविरोधलाई ठम्याउन सकिएको छैन । यसकारणले यसको समावेशीपन संरचनाको निर्माण प्रक्रिया, निर्णय प्रक्रिया, आम्दानी र खर्चका बारे भने गहिरो बहस जरूरी छ । निर्णय प्रक्रिया, निर्माण प्रक्रिया समावेशी हुन नसकेको खण्डमा सामुदायिक अधिकारभित्र पनि थोरै व्यक्तिहरूले मात्रै चलखेल गरिरहेको हुन सक्छ । यसलाई कस्तो नीतिगत व्यवस्थापन गर्ने ? बहस मोडिनु जरूरी छ ।

स्थानीय संरचनाको निर्माण गर्दा कतै यो स्थानीय सरकारको समानान्तर संरचना त होइन ? भन्ने प्रश्न उठ्न सक्छ । स्थानीय निकाय र यसको बीचमा राम्रो संयोजनको व्यवस्थापन हुन सकेन भने यसले विवादको ठूलै रूप लिनसक्छ तर राम्रोसँग नीतिगत व्यवस्थापन गर्ने हो भने दुवैका बीच राम्रोसँग सहकार्यका लागि अझ ढोका खुल्दछ । स्थानीय निकायले यस्तो व्यवस्थापन पद्धतिको सहजीकरण गर्ने एउटै स्थानीय सरकारअन्तर्गत यस्तो व्यवस्थापन पद्धतिमा धेरै वटा स्रोतहरूको व्यवस्थापन भए भने संयोजनको भूमिका निर्वाह गर्ने, त्यस्ता सामुदायिक व्यवस्थापन पद्धतिको दर्ता गर्ने, स्थानीय सरकार र त्यस्ता संरचनाको सहकार्यमा संयुक्त विकास निर्माणका योजना बनाउने गर्न सकिन्छ । जसले गर्दा स्थानीय सरकारको विकास निर्माणको भारी यस्ता संरचनामा पनि सर्न जान्छ । समानान्तर हुन्छन् कि भन्ने पीर गर्ने होइन, कसरी साझेदारीता बढ्न सक्छ भन्ने कुरामा गहिरो छलफल जरूरी छ ।

सङ्घीयता र प्राकृतिक स्रोतको आँखाबाट हेर्दा कर व्यवस्थापन एउटा जटिल मुद्दा हो । सामुदायिक अधिकारद्वारा व्यवस्थित जल, जमिन, जंगल वा अन्य विषयमा समुदायलाई पुगेपछि बाहिर बिक्री गर्ने अधिकार लगभग नैसर्गिक हो । आफ्ना सदस्यका आवश्यकता पूर्ति नभई बाहिर बेचबिखन गर्ने कुरा रहँदैन तर आवश्यकता पूर्ति भएर स्रोत बढ्ता भएमा बाहिर बेच्ने नीति नियम हुनुपर्छ । आयको आम्दानी कर कति तिर्ने वा नतिर्ने ? कर कसले तोक्ने ? कर कुन सरकारलाई तिर्ने ? समुदायमा बाँकी रहेको रकमको खर्च गर्ने प्रक्रिया र प्राथमिकता कस्तो हुने ? स्पष्ट दृष्टिकोणको खाँचो छ ।

यस्तो पद्धतिबाट व्यवस्थित स्रोतको कर स्थानीय सरकारभन्दा माथि जान हुँदैन । स्थानीय सरकारमा कर तिर्नाले स्थानीय सरकार यस्तो व्यवस्थापनप्रति उत्तरदायी हुन कर लाग्छ र त्यो तिरेको रकम फर्केर समुदायमा नै आउने हुनाले सामाजिक न्यायका आँखाले उल्टोपाल्टो पनि पर्दैन । तर यस्तो पद्धति निर्वाहमुखी र आवश्यकतामुखी भएकाले धेरै कर उठ्ने कल्पना गर्न सकिँदैन । केन्द्र र प्रदेश सरकारले भने यस्तो पद्धतिमा उठेको करमा आँखा लगाउन सर्वथा अनुचित हुन्छ ।

| तालिका १२ | सामुदायिक अधिकारको सूची |
|---|---|
| सबैखाले प्राकृतिक स्रोतको हकमा समुदायको अधिकार र कर्तव्यका क्षेत्र | कार्वन तथा पारिस्थितिजन्य प्रणाली स्रोतको संरक्षण दायित्व, त्यस सेवाबाट प्राप्त लाभ, स्वच्छ ऊर्जा विकाससम्बन्धी दायित्व तथा लाभ, प्राकृतिक स्रोतसम्बन्धी परम्परागत ज्ञानको अभिलेख, प्राकृतिक र सांस्कृतिक स्रोतसम्बन्धी सबै किसिमका कला र हस्तकला, पर्या-पर्यटन, सबै किसिमका ग्रामीण सडक, सबै किसिमका झोलुङ्गे तथा अन्य प्राकृतिक स्रोत पुल-पुलेसासम्बन्धी विषयमा जनमत संकलन र निर्णय । |
| पानीको हकमा | साना नदीनालाहरू, ताल तलैया, साना तथा लघु जलविद्युत्, ग्रामीण एवं सामुदायिक विद्युतीकरण, सबै किसिमका वैकल्पिक ऊर्जा, नविकरणीय स्रोत व्यवस्थापन, ग्रामीण एवं सामुदायिक सरसफाइ खानेपानी परम्परागत (ढुङ्गेधारा, कुवा आदि) खानेपानी व्यवस्थापन, सबै किसिमका सामुदायिक एवं किसान व्यवस्थित मझ्यौला तथा साना सिँचाइ प्रणाली । |
| जमिनको हकमा | सार्वजनिक भूमि, पशुपालन, माछापालन, चरिचरण |
| कृषिको हकमा | कृषि सहकारी |
| वनको हकमा | समुदायमा आधारित सबै वन तथा भूसंरक्षण, जलाधार, वृक्षरोपण, जडिबुटी र जैविक विविधता, सिमसार, मध्यवर्ती क्षेत्र र संरक्षण क्षेत्र, सामुदायिक वन |
| पानी/खनिजको हकमा | स्थानीय प्रकृतिका सामुदायिक खानी तथा खनिज पदार्थ |
| वातावरणको हकमा | स्थानीय वातावरण र संस्कृति, सामुदायिक सम्पदा संरक्षण |
| वित्तीय/आर्थिक मामलामा | समुदायमा आधारित प्राकृतिक स्रोत व्यवस्थापनबाट संकलित आर्थिक स्रोतको परिचालन र वातावरणीय सेवाको लाभ |
| उद्योग/उद्यम विषयमा | प्राकृतिक स्रोत सम्बद्ध सामुदायिक उद्यम, स्थानीय ज्ञान र प्रविधि |

*(डा. भरत पोखेलको कार्यपत्र, 'नेपालमा मौलिक संघीयता/सामुदायिक संघीयताका : एक बहसको सम्पादित स्वरूप)*

राज्य पुनर्संरचना र अधिकार बाँडफाँडको यस ऐतिहासिक मोडमा राज्यका संरचनासँग मात्रै अधिकार व्यवस्थित गरी समुदायलाई बाहिर पारियो भने स्थानीय तहमा राज्य पुनर्संचनाको स्वाद नपुग्न सक्छ । विगतका आन्दोलनप्रति न्याय हुँदैन । संविधान निर्माण गर्न बाँकी रहेको यस समयमा सबै पक्षबारे बहस र छलफल हुन सक्यो भने त्यो सकारात्मक हुनेछ ।

## सन्दर्भ सामग्री


१. पोखेल, डा. भरत, कार्यपत्र, नेपालमा मौलिक संघीयता, सामुदायिक संघीयताका : बहसको आवश्यकता

२. घिमिरे, सोमत, कार्यपत्र, प्राकृतिक स्रोत तथा राजस्व अधिकार बाँडफाँड समिति

३. अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९

४. नेपाल आदिवासी जनजाति महासंघ, जनवकालत सहज पुस्तिका

५. अधिकारी, जगन्नाथ, वातावरणीय न्यायको सैद्धान्तिक संरचना र वातावरणीय अधिकार, वातावरणीय न्याय स्रोत सँगालो ।

६. घिमिरे, सोमत, संरक्षणमा अन्तर्विरोध, प्रतिरोध र विकल्प, जैविक विविधता र जनजीविका

७. जाना सुदीप र घिमिरे सोमत, खानीले चेपाङ समुदायमा पारेको प्रभाव एक अध्ययन

८. Timsina, Netra Prasad and Ojha Hemanta Raj, Social justice in Common Property Natural Resource Management : A Conceptual Framework

९. घिमिरे, सोमत, संघीयतामा प्राकृतिक स्रोतको बहस, रातो झिल्को अंक ३

१०. पौडेल, नयाँ शर्मा विकेन्द्रीकरण र संघीयता : हाम्रो वन सम्पदा अंक... फरेस्ट एक्सन नेपाल

११. घिमिरे, सोमत, प्राकृतिक स्रोत, नयाँ संविधान र नागरिक सर्वोच्चता, फरेस्ट एक्सन नेपाल

१२. पाण्डे, डा. देवेन्द्रराज, नेपाली अर्थ राजनीति चुनौती र विकल्प